मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

We're HIRING!
JOIN OUR TEAM
आवश्यकता
सिमला देवी मिडिया प्रालिद्वारा सञ्चालित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको लागि कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक र योग्य व्यक्तिले आवश्यक कागजपत्रसहित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको कार्यालयमा लिखित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।
पद : रेडियो एङ्कर-२ जना (महिला),
मार्केटिङ्ग-२ जना (पुरूष)
शैक्षिक योग्यता : कम्तीमा एसइई पास
कार्य अनुभव : कम्तिमा २ वर्ष, कम्प्युटरमा राम्रो दख्खल भएको हुनुपर्ने।
पारिश्रमिक : आपसी समझदारीमा
सम्पर्कको लागि :9854028218, 9808835198

● वर्ष ३ ● अंक ४५ ● २०८१ साल पुष ०९ गते मंगलबार ● Tuesday 24, December 2024 ● सूर्योदयः बिहान ६:५२ बजे ● सूर्यास्तः साँझ ५:१८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनतालाई ऋणको भारी राज्यको ढुकुटीमा मनपरीः साह



**मधेशदृष्टि**
**काठमाडौ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले सरकारको मनोमानी कर प्रणालीले मुलुकको उद्योग, व्यापार ध्वस्त हुँदै गईरहेको टिप्पणी गरेका छन् । तीन तहको सरकारको मनोमानी कर एवम् लुटतन्त्रले उद्योगी, व्यापारी, सर्वसधारणलगायत समस्यामा पर्दै गइरहेको उनले बताए ।
कोटेश्वरस्थित आजपा केन्द्रीय कार्यालयमा आमविद्यार्थी मोर्चाको काठमाडौ उपत्यका विशेष कमिटी बैठकमा अध्यक्ष साहले सरकारको मनोमानी करविरुद्ध सडक संघर्षको विकल्प नभएको बताए । 'सरकार लुटतन्त्रमा व्यस्त छ, जहाँबाट हुन्छ लुट्ने धन्दामा लागेको छ, सरकारले उद्योगी, व्यापारी, सर्वसधारणलाई लुटिरहेको छ । राज्यको ढुकुटी सिध्याइसकेको सरकार अहिले विदेशीसँग ऋण लिएर त्यसमा पनि लुट्ने काम गरिरहेको छ । नेपाली जनतालाई ऋणको भारी बोकाएर राज्यको ढुकुटी लुटिरहेको सरकारले मनोमानी कर लगाएको छ । हरेक क्षेत्रमा मनोमानी करले सबै क्षेत्र तहसनहस भएको छ । सर्वसाधारणले जीवन जिउन कठिन भइरहेको छ । तर सरकारले करमाथि कर लगाएर नेपाली जनताको ढाड सेक्ने काम गरिरहेको छ,' साहले भने । पुस १४ गते काठमाडौमा हुने विशेष प्रदर्शनमा सहभागी हुन आजपा अध्यक्ष साहले आह्वान गरे ।
आजपाको दोस्रो स्थापना दिवसका अवसरमा कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा विशेष कार्यक्रमका साथै काठमाडौमा विरोध प्रदर्शनसमेत हुने आजपा स्थायी कमिटी सदस्य रविन्द्र सिंहले बताए ।
विद्यार्थी मोर्चाका महासचिव प्रदीप साहको अध्यक्षतामा बसेको बैठकले सरकारको मनोमानी करविरुद्ध हुने विरोध प्रदर्शनमा व्यापक सहभागितासहित सफल पार्ने प्रतिबद्धता गरिएको छ ।
यसैबीच, ललितपुरको कुपन्डोलमा आम महिला मोर्चाको टोल कमिटी गठन भएकोछ । पार्टीको केन्द्रीय सचिव एवम् उपत्यका विशेष कमिटीका अध्यक्ष देवी पण्डितको प्रमुख आतिथ्य तथा आम महिला मोर्चाका महासचिव सिमा जयसवाल र उपत्यका अध्यक्ष ममता साहको विशेष उपस्थितिमा आयोजित भेलाले सकुन्तला जयसवालको अध्यक्षतामा ३५ सदस्यीय टोल कमिटी गठन गरेको हो ।
यस्तै, सरकारको कर आतंकविरुद्ध ललितपुरको सानेपामा आम महिला मोर्चाको टोल कमिटी गठन भएको छ । महिला मोर्चाको उपत्यका संयोजक ममता साहको विशेष उपस्थितिमा आयोजित भेलाले अर्चना ठाकुरको अध्यक्षतामा ४५ सदस्यीय महिला मोर्चा कमिटी गठन गरेको हो । नवगठित कमिटीले पुस १४ गते काठमाडौमा हुने विशेष प्रदर्शन भव्य बनाउने निर्णय गरेको छ ।

## मधेशः ६ महिनामा ३६ हत्या

**कहाँ कति हत्या ?**
सर्लाहीमाः ६ (२ महिला)
बारामाः ६ (२ महिला, १ बालक)
महोत्तरीमाः ६ (३ महिला, १ बालिका)
धनुषामाः ५ (२ महिला)
सिरहामाः ५ पुरुष
रौतहटमाः ४ (१ महिला)
सप्तरीमाः ३ महिला
पर्सामाः १ पुरुष
**स्रोतः मधेश प्रदेश प्रहरी**

**मधेशदृष्टि**
**वीरगंज ।**
शनिबार तेस्रो दिन थियो, चौथो हत्याको सनसनी मच्चिँदै थियो । बिहान महोत्तरीमा गाउँ विकास समितिका सचिवको हत्या गरी लुटपाटको सनसनीमा थपियो, बाराको सिमरा जीतपुरमा कारभित्रै गोली प्रहार गरेको अवस्थामा शव भेटियो !
यसअघि शुक्रबार मात्रै धनुषामा पनि पहिचान नखुलेका दुई शवले जनताको असुरक्षा उस्तै बढाएको देखिएको थियो । एउटा शव त बोरामा कुहिएको अवस्थामा भेटिएको थियो । तीन दिनमा चार शव भेटिँदा तीनवटा पहिचान भएका थिएनन् । यद्यपि बाराको जीतपुर सिमरा भेटिएको शव प्रहरीकै भान्से राजकुमार रुम्बाको भएको खुल्यो ।
महोत्तरीमा सुशील झाको डाँका समूहबाट हत्या । बारा, सिमरा विमानस्थलका सुरक्षा गार्ड राजकुमार रुम्बाको हत्या । यस्तै, जनकपुरको दुर्गा मन्दिर परिसरमा ६१ वर्षीय अरुणकुमार झाको ईँटा प्रहार गरी हत्या । बिहीबार धनुषाके मिथिला बिहारी नगरपालिका–२ पुरन्दाहाको पर्शुराम तलाउस्थित बोराभित्र युवकको शव फेला । सिंगो देश र मधेश नै आतंकित पार्ने यो चार घटना मात्रै होइन, पछिल्लो समय मधेश प्रदेशमा हत्या हिंसाका घटना निकै बढेको छ ।
यसअघि आइतबार सर्लाहीको लालबन्दी नगरपालिका–१५ तीनतले देउरालीमा ६५ वर्षीया विष्णुमाया बम्जनको ढुंगा प्रहारबाट हत्या । धनुषामा एक महिनामा चार जनाको हत्या । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार पछिल्लो ६ महिनामा मधेश प्रदेशमा ३६ जनाको हत्या भइसकेको छ । २४ पुरुष, १० महिला र दुई बालबालिकाको हत्या भएको हो ।
**किन भइरहेको हत्या ?**
खुला सीमा, आपराधिक मनोविज्ञान, साना हतियारको सहज पहुँच, तस्करीलाई बेवास्ता, सीमामा वारपार सहज, अभिलेखहीन सवारीसाधन, लागुऔषध, अनैतिक प्रेम सम्बन्ध, विवाहेत्तर सम्बन्ध ।
**के गर्ने**
अभिभावकले परिवारका सदस्यको सुरक्षामा ध्यान दिने, जनचेतना अभिवृद्धि, अपराध न्यूनीकरणमा नयाँ कार्यक्रम ।

## स्थानीय तहः बेथिति उजागरको डरले सूचना गायव

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीका स्थानीय तहले बेथिति उजागर हुने डरले सूचना लुकाउने गरेको पाइएको छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३, ७, ९ र १० का साथै नेपालको संविधान २०७२ को धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्थाअनुसार सूचना उपलब्ध गराइ पाउँ भन्दै असार ३०, भदौ २० र मंसिर १० गते तीनपटक सर्लाहीका २० स्थानीय तहमा पेश गरिएको निवेदनमा जिल्लाका अधिकांश स्थानीय तहले सूचना उपलब्ध गराएका छैनन् ।
असार ३०, भदौ २० र मंसिर १० गते आवश्यक सूचना उपलब्ध गराई पाउँ भन्दै जिल्लाका स्थानीय तहका सूचना अधिकारीलाई सम्बोधन गरी आर्थिक वर्ष २०८०–८१ को सरकारी सवारी साधनको मर्मतसम्भार खर्च र इन्धनको खर्च विवरण, आर्थिक वर्षको खाजा खर्च तथा अतिथि सत्कार खर्च विवरण माग गरिएको थियो । यस्तै, गाउँपालिका तथा नगरपालिकाले भाडामा प्रयोग गरेका सवारीसाधनको आकार, संख्या र खर्च विवरण, कुन मिडिया–मिडियाकर्मीलाई के कति भुक्तानी दिइएको हो, यसको विवरण, मेशिनरी तथा फर्निचर खरिद विवरण, सेवा तथा परामर्श शीर्षकमा भएका खर्च विवरणको सूचनाको हक प्रयोग गरी माग भएको थियो ।
यस्तै, करारमा नयाँ नियुक्ति तथा म्याद थप नवीकरण गरिएका कर्मचारीको विवरण, योजना संख्या, योजनाको प्रगति, योजनाको म्याद, योजनाका लागि सम्झौता गरिएको उपभोक्ता समिति र निर्माण व्यवसायीको नाम र ठेगानासहितको विवरण, मसलन्द तथा स्वास्थ्य सामग्री खरिद र वितरण, नदीजन्य–खानीजन्य सामग्रीको उत्खनन् पनि माग भएको थियो । यस्तै, भण्डारण, बिक्री वितरण र संकलन भएको राजश्वको विवरण र आन्तरिक राजश्व संकलन शीर्षक र विवरणसहित चालु आर्थिक वर्ष २०८१–८२ को पहिलो त्रैमासिकमा स्वतः प्रकाशन गरे–नगरेको साथै गरेको भए यसको विवरण उपलब्ध माग्दै निवेदन पेश गरिएको थियो । तर जिल्लाका अधिकांश स्थानीय तहले सूचना उपलब्ध गराएनन् ।
बागमती, लालबन्दी, हरिपुर र हरिपुर्वा नगरपालिकाका साथै ब्रम्हपुरी गाउँपालिकाले निर्धारित समयमै माग बमोजिमका सूचना सूचकलाई उपलब्ध गराए पनि बाँकी ईश्वरपुर, बरहथवा, हरिवन, कविलासी, मलंगवा, गोडैता र बलरा नगरपालिका र पर्सा, चन्द्रनगर, विष्णु, कौडेना, रामनगर, धनकौल, बसबरिया र चक्रघट्टा गाउँपालिकाले सूचना उपलब्ध गराउनु पर्ने समयावधि पटकपटक पूरा भइसके पनि सूचकलाई सूचना उपलब्ध गराएका छैनन् । राष्ट्रिय सूचना आयोग, काठमाडौ नेपाललाई बोधार्थ लेखी नौ वटा बुँदामा सामान्य सूचना माग गर्दा पनि सरोकारवाला निकाय कानमा तेल हालेर बसेका छन् ।

### सूचनाको हकसम्बन्धी ऐनमा व्यवस्था

नेपालको सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ३ ले नागरिकलाई सूचना माग गर्ने अधिकार सुनिश्चितता गरेको छ । प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक निकायसँग आवश्यक सूचना माग गर्न पाउने हक ऐनमा व्यवस्था छ ।
नागरिकले सार्वजनिक निकायसँग लिखितरूपमा वा अन्य उपयुक्त माध्यमद्वारा सूचना माग गर्नसक्ने व्यवस्था छ भने सार्वजनिक निकायमा माग गरिएको सूचना दिन अस्वीकार गर्न नपाउने तर अन्य कानूनी प्रावधान अन्तर्गत गोप्य वा प्रतिबन्धित नगरिएका सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ ।
जनताको पारदर्शिता र जवाफदेहिता सुनिश्चितता गर्न, जनताका लागि सरकारका काम, निर्णय र प्रक्रियाको पहुँच, योग्यता सुनिश्चितता भन्दै नेपालको संविधान २०७२ को धारा २७ ले समेत सूचनाको हकलाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गरेको छ ।
सूचनाको हकसम्बन्धी २०६४ को परिच्छेद २ को ४ मा सार्वजनिक निकायको अभिलेखमा सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदक (सूचक)लाई उपलब्ध गराउनु पर्नेछ भनिएको भए पनि सर्लाहीका स्थानीय तह पन्छिने गरेका छन् ।
नेपालको सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३, ७, ९ र १० ले सूचनाको हकलाई कार्यान्वयन गर्न सम्बन्धित निकाय र प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ ।
कुनै पनि सार्वजनिक निकायले आफ्नो कार्य, निर्णय र गतिविधिबारे नागरिकलाई जानकारी दिनुपर्नेछ भने प्रत्येक सार्वजनिक निकायले आवश्यक सूचनाको अभिलेख व्यवस्थित र अद्यावधिक रूपमा राख्नुपर्नेछ ।
साथै, कुनै पनि नागरिकले सार्वजनिक निकायसँग लिखितरूपमा सूचना माग गर्नसक्ने, निवेदनमा माग गरिएको विषय स्पष्टरूपमा उल्लेख गर्नुपर्ने, सूचना माग्न चाहने व्यक्तिले पहिचान खुल्ने विवरण (नाम, ठेगाना) दिनुपर्ने, सूचना माग गरेपछि सार्वजनिक निकायले १५ दिनभित्र सूचना उपलब्ध गराउनुपर्ने साथै यदि सूचना दिन अस्वीकार गर्नुपर्ने कारण भए सोको स्पष्ट जानकारी मागकर्तालाई १५ दिनभित्र दिनुपर्ने भनिएको छ ।
माग गरिएका सूचनाको प्रकृति हेरी सार्वजनिक निकायले सूचना १५ दिनभित्र उपलब्ध गराउनुपर्ने र यदि कुनै व्यक्तिको जीवन वा स्वतन्त्रतासँग सम्बन्धित अत्यावश्यक सूचना भएमा २४ घण्टाभित्र उपलब्ध गराउनुपर्ने, यदि निकायले सूचना दिन विलम्ब वा अस्वीकार गरे त्यसको कारण स्पष्ट गर्नुपर्ने ऐनमा व्यवस्था छ ।
संविधानमा व्यवस्था
नेपालको संविधान २०७२ को धारा २७ ले सूचनाको हकसम्बन्धी व्यवस्था गरेको छ । जसमा प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारका कुनै पनि विषयमा सूचना माग्न र प्राप्त गर्न पाउने हक हुनेछ तर, यो हक कानूनद्वारा निर्धारित गरिएका गोपनीयताका विषयमा लागू हुने छैन भनिएको छ ।
सोही धारामा हरेक नागरिकले सार्वजनिक सरोकारका कुनै पनि विषयमा जानकारी लिन पाउने मौलिक अधिकारको प्रत्याभूति गरिएको छ । त्यस्तै, राष्ट्रिय सुरक्षा, गोप्य जानकारी, व्यक्तिगत गोपनीयतामा यो हक सीमित हुने भनिएको छ ।
तर, पछिल्लोपटक निवेदन दिएको पनि करिब एक महिना हुँनै लाग्दा पनि जिल्लाका स्थानीय तह कानमा तेल हालेर बसेका छन् । जिल्लाका कतिपय स्थानीय तहले आफ्नो सामाजिक सञ्जाल वेबसाइटसमेत अपडेट गरेका छैनन् भने अधिकांश स्थानीय तहका इमेल ठेगाना प्रयोगविहीन छन् ।

## आगजनी गर्नेलाई कारबाही माग



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकाका मेयर सिंघासन साह तेलीले नगरपालिकामा भएको तोडफोड र आगजनीको घटनाका दोषीलाई कारबाही गर्न प्रहरी प्रशासनलाई आग्रह गरेका छन् । पत्रकार महासंघ पर्साको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा मेयर तेलीले बहुदरमाई नगरपालिकालाई बदनाम गर्ने काम भइरहेको भन्दै यसको कडा विरोध गरे । उनले यस्तो गतिविधिले प्रतिकूल अवस्थाको सिर्जना गरेको आरोप लगाए ।
'सामाजिक सुरक्षा भत्ताको वितरण नगरपरिषद्सँग कुनै सम्बन्ध छैन,' मेयर तेलीले भने, 'तर यो विषयलाई लिएर नगरपालिकालाई बदनाम गर्ने प्रयास भइरहेको छ ।' उनले कात्तिक ८ गते नगरसभा हुनुभन्दा पहिले नै सामाजिक सुरक्षा भत्ता वितरण भइसकेको स्पष्ट गरे । मेयर तेलीले प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेरे मुस्तफामाथि कर्मचारीलाई उक्साएर आन्दोलन गराएको आरोप पनि लगाए । उनका अनुसार प्रशासकीय अधिकृतको गतिविधिले नगरपालिकामा प्रतिकूल अवस्था सिर्जना भएको हो ।
नगरपालिकाका १८ मध्ये १७ विद्यालय सञ्चालनमा रहेको जानकारी दिँदै मेयर तेलीले डकैला बहुअरीस्थित विद्यालयका शिक्षकमाथि विद्यार्थीलाई राजनीति गर्न उक्साएको आरोप लगाए । उनले केही तत्वले नगरपालिकालाई बदनाम गर्न षड्यन्त्र गरिरहेको बताए । मेयर तेलीले समस्या समाधानका लागि समन्वयको आवश्यकता रहेकामा जोड दिए ।

## लामिछाने निलम्बित भएपछि 'कार्यबाहक'का भरमा रास्वपा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रवि लामिछानेको दोस्रोपटक सांसद पद निलम्बनमा परेपछि उनको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा कार्यबाहकहरु हाबी भएका छन् । संगठित अपराध, सम्पत्ति शुद्धिकरण र सहकारी ठगीको तीनवटा मुद्दा खेपिरहेका लामिछानेको पार्टीमा सभापतिदेखि प्रवक्तासम्म कार्यबाहक मात्रै छन् । रास्वपाले सोमबार सचिवालयको 'भर्चुअल' बैठकबाट उपसभापति डोलप्रसाद अर्याल (डिपी)लाई कार्यबाहक सभापति चयन गरेको छ । सभापति लामिछानेविरुद्ध जिल्ला अदालत कास्कीमा गम्भीर प्रकृतिका तीनवटा मुद्दा दायर भएपछि रास्वपाले अर्याललाई कार्यबाहक सभापति चयन गरेको हो ।
यसअघि रास्वपामा कार्यबाहक महासचिव र कार्यबाहक प्रवक्ता थिए । अर्याल कार्यबाहक सभापति बनेसँगै रास्वपामा तीनजना कार्यबाहक छन् ।
रास्वपाले प्रवक्तासमेत रहेका महामन्त्री डा. मुलुक ढकाललाई असारमा कारबाही गर्दै सहमहामन्त्री कविन्द्र बुर्लाकोटीलाई कार्यबाहक महामन्त्री बनाएको थियो । यस्तै सहप्रवक्ता रहेका मनिष झालाई ढकालको स्थानमा कार्यबाहक प्रवक्ता बनाएको थियो ।
यता, चितवन–२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रवि लामिछाने स्वतः निलम्बनमा परेकोसङ्घीय संसद सचिवालयले जनाएको छ । प्रतिनिधिसभाका महासचिव पद्मप्रसाद पाण्डेयले सोमबार जारी गरेको सूचनामा सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ अनुसार उनी स्वतः निलम्बनमा परेको उल्लेख गरेका छन् ।
सो दफामा 'प्रचलित कानुनबमोजिम स्थापित सङ्गठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकामा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२बमोजिम मुद्दा दायर भएकामा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिन्छ,' भन्ने व्यवस्था रहेको सूचनामा उल्लेख छ । सोही कानूनी व्यवस्थाबमोजिम सूचना जारी गरिएको महासचिव पाण्डेयले उल्लेख गरे ।
जिल्ला प्रहरी कार्यालय कास्कीले आइतबार सभामुखलाई पत्र लेखेर चितवन–२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा मुद्दा दायर गरिएको जानकारी दिएको थियो ।

# सीता बिन राम आ रामायण अपूर्ण हएतः मुख्यमन्त्री सिंह

**जनकपुर ।**
मधेश प्रदेशक मुख्यमन्त्री सतिश कुमार सिंह सीताबिन राममात्ते अधुरा नै रामायणे अपूर्ण होबाक बतौलैन अइछ । रामायणमे वर्णित कथाक्रमकैँ सीताराम दुनुकैँ सङ जोइड क प्रसार करए पड़बाक ओ बतौलैन ।
भारतके उत्तरप्रदेश राज्यके पर्यटन विभागक आयोजन आ जानकी मन्दिर जनकपुरधाम तथा जनकपुरधाम उपमहानगरपालिका कार्यालयके सहआयोजनमे जनकपुरधाममे भ रहल दू दिवसीय अन्तर्राष्ट्रिय रामायण कन्क्लेभमे मुख्यमन्त्री सिंह मिथिलामे अवध राजकुमार रामके आगमन आ धनुषयज्ञसँ शुरू भेल रामकथा सीताक चर्चाबिना पूरा नै होबाक उल्लेख करैत सीतारामसङ जोडाएल ठामँक विकाश तथा प्रवर्द्धन लेल भारत सरकारके रामायण सर्किट आ मधेश प्रदेश बजेटसमेत विनियोजन क चुकल सीता सर्किटकैँ जोडबाक बतौलैन ।
मुख्यमन्त्री सिंह त्रेतायुगसँ शुरूआत भेल सम्बन्धकैँ एखन निरन्तरता मात्ते देबाक छै कहैत राम मन्दिर निर्माणबाद अयोध्यामे दर्शन लेल जाएबला भक्तजनसभकैँ जानकी दर्शनक लेल जनकपुरधाम पठाबाक वातावरण निर्माण लेल भारतके केन्द्रीय तथा उत्तरप्रदेश सरकारसङ आग्रह केलैन ।
सीताके दर्शनबिन रामक दर्शन अधुरा भेल रामायणेके चर्चा प्रसार आ दुनुसङे जोडाएल ठामँक बारेमे ‘डिजिटल’ जानकारी प्रवाह होए तँ दर्शनार्थी सब ठामँक बारेमे जानकारी प्राप्त करबाक तथा रामायणकालीन विचारधारासँ जानकार होबाक मुख्यमन्त्री सिंह जोड़ देलैन । ओ कहलैन, “सीता जन्मस्थल, धनुषयज्ञ स्थल आ विआहमण्डपलगायत ठामँबारे जानकारी सङ्ग्रहित श्रव्यदृश्य आ लेख्य सामग्री डिजिटल पोर्टलमार्फत रामायण सर्किटसङे सार्वजनिक कएलासँ धार्मिक तथा पर्यटन विकाश तीव्रता लेत ।”
मुख्यमन्त्री सिंह नयाँ पुस्तासङे रामायणके आद्योपान्त अध्ययन करबाक धैर्य नै रहल कहैत रामायणकथाकैँ लघु श्रव्यदृश्य तथा दृश्यमार्फत प्रसार करबाक बतौलैन । ओ जनकपुरधामके धार्मिक पर्यटनमे पहल करबाक लेल हम एकटा धार्मिक समारोहमे सहभागिताक लेल अयोध्या भ्रमण कएलौँ बतौलैन । ओ सीतारामके पदगमन आ कथासङे सम्बन्धित नेपाल, भारत आ श्रीलङ्काक विभिन्न स्थानमे रामायण चर्चासङे पौराणिक कथाक बारेमे जागरण तथा खोजअनुसन्धान होबाक दृष्टि रामायण कन्क्लेभ महत्वपूर्ण भेल कहैत उक्त बातकैँ लिपिबद्ध करैत ठामँठामँमे प्रस्तुत करबाक उत्तर प्रदेश सरकारकैँ काज सराहनीय भेल बतौलैन अइछ ।
प्रदेशक शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा सीता शक्ति आ भक्तिको प्रतीक भेल उल्लेख करैत सीता जन्मभूमिमे महिलाक स्थिति कमजोर भेलासँ हमरा दुःख भ रहल बतौलैन । ओ जानकी भूमिमे महिला हिंसाक घटना अक्षम्य होबाक कहैत नारी सशक्तीकरणके पक्षमे काज होएबाक चाही उल्लेख केलैन ।
जानकी मन्दिरक उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवके अध्यक्षतामे रैवदिन भेल कार्यक्रममे भारत तथा नेपालक विद्वान तथा विदुषीसभ रामायणक चर्चा कएने छलैथ ।रासस

# बर्दिबास मेडिकल कलेजः जमीनप्राप्ति अनिश्चित

**महोत्तरी ।**
बर्दिबास मेडिकल कलेजक लेल जमीन यकिन नै भेलासँ स्थानीय निराश भेल छैथ ।
ओसभ वन विभाग कलेजक लेल प्रस्तावित वनक्षेत्र एकलौटी रूपमे नै देबाक आशय व्यक्त कएलाक बाद अपने गामँठामँमे शिक्षण अस्पताल बनैबला आशमे निराश बनल अइछ ।
कलेजके लेल प्रस्तावित जमीनमे अइ ठाँम काटल जेबाक गाछी आ तकर सोधभर्नाक सम्बन्धमे निर्णय नै भेलासँ समस्या भेल अइछ । शिक्षा मन्त्रालय आ वनविभागकैँ निरन्तर पहलक लेल कहल जा रहल मेडिकल कलेज आयोजना कार्यालयक निर्देशक देवीप्रसाद सुवेदी बतौलैन ।
कलेज निर्माणक लेल प्रस्तावित बर्दिबास–४ के माइस्थानस्थित अटावे आ भब्सी खोलाबीचके वनक्षेत्रके ४९ हेक्टर जमीनबारे सर्वोच्च अदालतमे पड़ल मुद्दा किछ समय प्रक्रिया रोकल गेलोपर मुद्दाक फैसला भेलाक बाद आब प्रस्तावित जमीन, काटल जाएबला गाछी आ तकर सोधभर्नाबारे निर्णय हेबाक ओ कहलैथ ।
अदालत प्रस्तावित जमीनके गाछी काटलाक बाद वातावरणीय प्रभावकैँ दृष्टिगत क काटल गाछीसँ १० गुणा बेसी गाछी रोपबाक सर्तमे कलेज निर्माण लेल आदेश देल गेल अइछ । ओइ आदेशअनुसार बर्दिबास–५ टुटेश्वरधाममे २० हजार बीजू रोपल गेल अइछ ।
कलेजक लेल प्रस्तावित वनक्षेत्रमे एक हजार ९६७ गाछीके बदला बर्दिबास नगरक्षेत्रक विभिन्न ठामँक परती जमीनमे लगभग ३० हजार बीजू रोपल गेल अइछ । सरकार आर्थिक वर्ष २०७३/०७४ के नीति तथा कार्यक्रममे कलेज निर्माणक लेल शिक्षा मन्त्रालयक अगुवाइमे जमीन छनौट कार्यदल बनौने छल तँ २०७६ मे बर्दिबासमे बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकाश आयोजना कार्यालय स्थापना केने छल ।
एहिबीच, प्रमुख जिला अधिकारी लालबाबु कवारी अइ सम्बन्धमे सम्बद्ध पक्षसङ समन्वय करबाक बतौलैन अइछ ।रासस

# सम्सीमे निःशुल्क पशु स्वास्थ्य शिविर

**जलेश्वर ।**
महोत्तरीक सम्सी गाउँपालिकामे आयोजित निःशुल्क पशु स्वास्थ्य शिविरमे तीन हजार बेसी पशुकैँ स्वास्थ्य सेवा प्रदान कएल गेल अइछ । खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना धनुषाक आर्थिक एवं प्राविधिक सहयोगमे सम्सी २ आ ५ मे रैवदिन आयोजित उक्त निःशुल्क पशु स्वास्थ्य शिविरमे एक हजार सात सओसँ बेसी बकरी, एक हजार चाइर सओ बेसी गाए आ महिषकैँ विभिन्न स्वास्थ्य सेवा प्रदान कएल गेल छल ।
आयोजनके प्रमुख युगलकिशोर तिवारीके अनुसार शिविरमे पशुके गर्भ परीक्षण, प्रजनन जाँच, ‘पिपिआर’ खोप, ‘एचएसबीक्यू’ खोप, नाम् चालीक दवाइ, ‘लिभर टनिक’, ‘मिनरल’ आ ‘भिटामिन’ वितरणलगायतका सेवा प्रदान कएल गेल छल ।
अइ क्षेत्रक बेसी पशुसभमे भित्ती परजीवी आ बाह्य परजीवीके कारण गाभिन नै होबाक समस्या बेसी देखल गेल इलाजमे संलग्न पशु सेवा विशेषज्ञ मुकेश पण्डित जानकारी देलैन। ओ एहन समस्या रहल पशुसभकैँ स्वास्थ्य सेवा प्रदान करबाक सङे गाभिन होबाक लेल दवाइ वितरण कएल गेल बतौलैन ।
एहिना गाए, महिसकैँ ‘एचएसबीक्यू’ खोप तथा दवाइ मार्फत विभिन्न रोगक इलाज कएल गेल अइछ । बकरीमे ‘पिपिआर ’ खोप आ दवाइ मार्फत इलाज कएल गेल पशु चिकित्सक रामशङ्कर शर्मा जानकारी देलैन ।

# पण्डितपुरमे बुद्धकालीन संरचना

**नवलपरासी ।**
पश्चिम नवलपरासीके रामग्राम नगरपालिका–१८ पण्डितपुरमे उत्खननके क्रममे प्राचीन भग्नावशेष तथा चक्राकार शहर भेटल अइछ । उत्खननमे कोलिय गणराज्यके विभिन्न शहरबारे महत्वपूर्ण तथ्य भेटल पुरातत्व विभाग, पुरातत्व शाखा प्रमुख पुरातत्वविद्ध भाष्कर ज्ञवाली बतौलैन ।
ओ कहलैन, ‘आर्थिक वर्ष २०७५–७६ मे कएल गेल भू–भौतिक अध्ययनक क्रममे देखाएल भग्नावशेष पुष्टी लेल हाले एक महिनाधैर उत्खनन तथा अध्ययन भेल छल, सएह क्रममे कोलिय गणराज्यके विभिन्न ठामँमे पसरल शहरमध्ये एक शहर पण्डितपुर सेहो भेल पुष्टि भेल अइछ ।’
दू ठाँममे उत्खननके प्रमुख उद्देश्य भू–भौतिक अध्ययनमे देखाएल दबाल संरचना उद्धगार (प्रमाणित) करबाक छल । सङे एक ठामँमे तीन मिटर गहिर खाइध खुइन सांस्कृतिक इतिहास अध्ययनमे बुद्ध, मौर्यकाल समयसँ मुस्लिमकालधैर बसोबास रहल प्रमाण भेटल हुनक कहब छैन । एहिना दोसर ठामँमे कएल गेल उत्खननमे सेन्टरी पोष्ट ९पहरेदारी करैबला ठामँ० जकाँ भग्नावशेष भेटल ओ बतौलैन । उत्खननके क्रममे दबालक संरचनासहित माइटके वर्तन, जानवरके मूर्ति, गरगहनालगायत पुरातात्विक सामग्री भेटल पुरातत्त्वविद् भाष्कर ज्ञवाली बतौलैन । हाल पण्डितपुरमे पूर्व–पश्चिम आ उतर–दक्षिणमे एक÷एक हजार मिटर क्षेत्रफलधैर कोनो संरचना निर्माण नै करबाक आग्रह कएल गेल अइछ ।

# रसुवागढी जलविद्युत् आयोजनाद्वारा विद्युत् उत्पादन शुरू

**रसुवा ।**
उत्तरी रसुवाक टिमुरेस्थित रसुवागढी हाइड्रो पावर परीक्षण उत्पादन सफल भेल अइछ ।
गोसाइँकुण्ड गाउँपालिका वाड नं १ आ २ के तातोपानीस्थित भोटेकोसीके तटीय क्षेत्रमे भूमिगत संरचनासँ उक्त विद्युत् गृह निर्माण कएल गेल अइछ ।
विद्युत् गृहमे जडित ३३–३३ मेगावाट क्षमताक तीनटा मेसिन विद्युत् उत्पादन होबाक जनौलक अइछ । हाल ठण्ढायामके कारण खोलामे पाइनक बहाव घटलाक बाद पहिल परीक्षणसँ ५२ मेगावाट विद्युत् उत्पादन कएल गेल आयोजना प्रमुख सत्यराम ज्याख्वा जानकारी देलैन अइछ । तीनुटा युनिट चालु कराएल गेल आ वर्षायाममे तँ क्षमताअनुसार विद्युत् उत्पादन होबाक ओ बतौलैन ।
आयोजनाक कूल लागत १८ अरब ६९ करोड़ २० लाख टका रहल कहल गेल छै।सन् २०१४ सँ पूर्णरूपमे निर्माण सुरु भेलोपर विगतमे भेल पेट्रोलियम पर्दाथक अभाव, वि.सं २०७२ के विनाशकारी भूकम्प, भोटेकोशीमे वर्षाके समयक बाइढ़, वर्षायाममे राजमार्ग अवरूद्ध, सामान ढुवानीमे पड़ल असर निर्माण सम्पन्न करबामे किछ देरी भेल कहलैन ।
रसुवागढी निचाँ भोटेकोशीमे बाँध बाइन्ह क चाइर हजार एक सओ ८५ मिटर सुरूङके सहायतासँ टिमुरे गामँक दुहार तातोपानी ओइ कात पहराभितर निर्माण कएल गेल विद्युत् गृहमे तीनटा टर्वाइन जडान भेल आ जडित सब उपकरण चालु भ चुकल प्राविधिक बतौलैन ।
चिलिमे जलविद्युत् कम्पनीक भगिनी संस्था रसुवागढी जलविद्युत् कम्पनीमार्फत उक्त आयोजना निर्माण भेल अइछ । अइ ठाँमक चिलिमे जलविद्युत् केन्द्रकैँ धितो बन्धक राइख कर्मचारी सञ्चय कोषक कर्जा, नेपाल विद्युत् प्राधिकरण आ स्थानीय निकाय समेतके शेयर लगानीमे उक्त आयोजना निर्माण सम्पन्न भेल अइछ । रासस

# एनपिएल फाइनलमे अभद्र व्यवहार करैबला दू गोटे पकड़ाएल

**काठमाण्डू ।**
नेपाल प्रिमियर लिग ९एनपिएल० के फाइनल खेलमे क्रममे अभद्र व्यवहार करैबला दू गोटेकैँ नेपाल प्रहरी नियन्त्रणमे लेलक अइछ ।
पकड़ाएल व्यक्ति डोटी आदर्श गाउपालिकाके २१ वर्षीय अशोक साउद आ डोटी दीपायल सिलगढी नगरपालिकाक १९ वर्षीय गणेश साउद रहल जिला प्रहरी परिसर काठमाण्डूक प्रहरी उपरीक्षक नवराज अधिकारी जानकारी देलैन अइछ ।
नेपाल क्रिकेट सङ्घके आयोजनमे कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमे इएह पुस ६ गते भेल जनकपुर बोल्ट्स आ सुदुरपश्चिम रोयल्सबीचके खेलक बाद किछ व्यक्तिसभबीच झगड़ा भेल छल ।ताहिक्रममे किछ व्यक्ति अपमानजनक शब्द प्रयोग कहैत साम्प्रदायिक सद्भाव विरूद्ध, अपशब्द तथा विभिन्न व्यक्तिकैँ अभद्र व्यवहार केने सम्बन्धमे विभिन्न निकाय तथा सञ्चारमाध्यममे आ पीडितके जाहेरीक आधारमे अनुसन्धान करबाक क्रममे ओसभ पकड़ाएल प्रहरी जनौलक अइछ । घटनामे संलग्न अन्य व्यक्तिसभके खोजी भ रहल ओ जानकारी देलैन अइछ ।

# चुरियामाई शुरुङमार्ग सर्वसाधारणक लेल खुला हएत



**बागमती ।**
हेटौँडा उपमहानगरपालिका–१५ स्थित चुरियामाई शुरूङमार्ग सर्वसाधारणके अवलोकन लेल खुला करबाक तैयारी शुरू भेल अइछ । बागमती प्रदेश सरकारके रु चाइर करोड़ ५७ लाखक लागतमे फेर निर्माण भेलाक बाद सर्वसाधारणके अवलोकन लेल खुला क रहल अइछ ।
प्रदेश सरकारअन्तर्गतक प्रदेश यातायात पूर्वाधार निर्देशनालय फेर निर्माण केने गेल उक्त शुरूङमार्ग आइ औपचारिक रुपमे हेटौँडा उपमहानगरपालिकाकैँ हस्तान्तरण करबाक तैयारी अइछ ।
हस्तान्तरण लगले शुरूङमार्ग सर्वसाधारण लेल खुला होबाक उपमहानगरके प्रमुख मिनाकुमारी लामा जानकारी देलैन अइछ । शुरूङमार्ग व्यवस्थापन तथा सञ्चालन करबाक सहमति भ चुकलासँ सर्वसाधारणके अवलोकन लेल खुला क रहल मुख लामा बतौलैन ।
मधेश प्रदेशक बारा आ बागमती प्रदेशक मकवानपुरकैँ जाएबला उक्त शुरूङमार्ग वि.सं १९७४ मे तत्कालिन प्रधानमन्त्री चन्द्रशमशेरक पालीमे निर्माण कएल गेल छल । उक्त शुरूङमार्गसँ वि.सं २०२० धैर सवारी साधनसभ सञ्चालन होइत छल ।
जिर्ण भेल उक्त शुरूङमार्गके वितल २०७९ साल वैशाख १९ गते जिर्णाेद्धार सम्पन्न करबाक क काज शुरू भेल छल । शुरूङमार्ग फेर निर्माण भेलोपर तकर सञ्चालन के करत से अन्यौलताक कारण बन्द छल ।
उपमहानगर शुरूङमार्ग सञ्चालन करबाक सहमति कएलाक बाद सञ्चालनमे अनबाक तैयारी भ रहल प्रदेश यातायात पूर्वाधार निर्देशनालयक निर्देशक पुष्पकरराज पोखरेल जानकारी देलैन अइछ । कुल एक सओ ९८ मिटर लम्बाई ओइ शुरूङमार्ग पुनः निर्माण पश्चात दू सओ २५ मिटर बनाएल गेल जनौलक अइछ ।




# सिरहा कारागार प्रकरणः छानबिन समितिले बुझायो प्रतिवेदन




**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा कारागार प्रकरणको अनुसन्धान गर्न बनेको छानबिन समितिले झण्डै डेढ महिनापछि अनुसन्धान प्रतिवेदन बुझाएको छ । समितिले गत बिहीबार नै प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा बुझाएको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी रवीन्द्रकुमार महतले जानकारी दिए ।

सूचना अधिकारी महतका अनुसार अनुसन्धान प्रतिवेदन ९० पृष्ठको रहेको छ । उनले भने, 'प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल बिदामा हुनुहुन्छ । सम्भवत उहाँ बिहीबार कार्यालय आउनुहुन्छ । उहाँ आएपछि जिल्ला सुरक्षा समितिको बैठकमा प्रतिवेदन पेस हुन्छ र प्रतिवेदन सार्वनिक हुन्छ ।'

गत कात्तिकमा कैदीहरुले कारागारभित्रै मदिरा सेवन गर्नेदेखि अवैध लागुऔषधसमेत कारोबार गर्ने गरेको सूचना बाहिरिएपछि सो सम्बन्धमा सम्बन्धमा अनुसन्धान गर्न प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा कात्तिक २५ गते पाँच सदस्यीय छानबिन समिति गठन भएको थियो । छानबिन समितिमा जिल्ला प्रशासन र कारागार कार्यालयका प्रतिनिधिसमेत रहेका थिए ।

कारागारका मूल नाइके र अन्य कैदीले मदिरा खाँदै गरेको तथा मोबाइल चलाउँदै गरेको घट्ना प्रमाणसहित सञ्चारमाध्यममा सार्वजनिक भएको थियो । त्यस्तै कारागारमा पाँच गुणासम्म मूल्यमा लागुऔषधसहित बाहिर पाइने सबै कुरा उपलब्ध हुने जानकारी बाहिरिएको थियो । यस प्रकरणमा कारागार व्यवस्थापन विभागले तत्कालै जिल्ला प्रशासन कार्यालय सिरहालाई घटनाको छानबिन गरी संलग्नलाई कारबाही गर्न र कारागार कार्यालय सिरहालाई घटनाबारे प्रतिवेदन पठाउन लिखित रुपमा निर्देशन दिएको थियो । त्यसपछि गठन भएको छानबिन समितिलाई सुरुमा अनुसन्धान प्रतिवेदनका लागि १५ दिनको समय दिइएको थियो । तर, समयमै अनुसन्धान तथा छानबिनको काम नसकिएपछि जिल्ला सुरक्षा समितिले समय थप गरेको थियो ।

कारागारको अवलोकन, विद्यमान अवस्थाको अध्ययन, भौतिक संरचना तथा सुरक्षा व्यवस्थाको अवस्था, प्रशासनिक प्रणालीको अध्ययन, कैदीसँग छलफल तथा अन्तरक्रिया, कैदीसँग सम्बन्धित अभिलेख सङ्कलन, नीति नियम तथा निर्देशिकाको अध्ययन, सरोकारवालासँग अन्तरक्रियालगायतका काम गरी प्रतिवेदन तयार गर्न समय लागेको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी महतले जानकारी दिए । रासस

# सम्सीमा निःशुल्क पशु स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको सम्सी गाउँपालिकामा आयोजित निःशुल्क पशु स्वास्थ्य शिविरमा तीन हजार बढी पशुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना धनुषाको आर्थिक एवं प्राविधिक सहयोगमा सम्सी २ र ५ मा आइतबार आयोजित सो निःशुल्क पशु स्वास्थ्य शिविरमा एक हजार सात सय बढी बाख्रा, एक हजार चार सय बढी गाई र भैँसीलाई विभिन्न स्वास्थ्य सेवा प्रदान गरिएको थियो । आयोजनाका प्रमुख युगलकिशोर तिवारीका अनुसार शिविरमा पशुको गर्भ परीक्षण, प्रजनन जाँच, 'पिपिआर' खोप, 'एचएसबीक्यू' खोप, नाम्ले जुकाको औषधि, 'लिभर टनिक', 'मिनरल' र 'भिटामिन' वितरणलगायतका सेवा प्रदान गरिएको थियो । यस क्षेत्रका बढी पशुहरुमा भित्री परजीवी र बाह्य परजीवीका कारण गर्भ नबस्ने समस्या बढी देखिएको उपचारमा संलग्न पशु सेवा विशेषज्ञ मुकेश पण्डितले जानकारी दिए ।

उनले यस्ता समस्या देखिएका पशुहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नुका साथै गर्भ बस्ने औषधि वितरण गरिएको बताए ।

त्यस्तै गाई, भैँसीलाई 'एचएसबीक्यू' खोप तथा औषधि मार्फत विभिन्न रोगको उपचार गरिएको छ । बाख्रामा 'पिपिआर' खोप र औषधि मार्फत उपचार गरिएको पशु चिकित्सक रामशङ्कर शर्माले जानकारी दिए ।

# बर्दिबास मेडिकल कलेजः जग्गाप्राप्ति अनिश्चित

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबास मेडिकल कलेजका लागि जग्गा यकिन नहुँदा स्थानीय निराश भएका छन् । वन विभागले कलेजका लागि प्रस्तावित वनक्षेत्र एकलौटी रुपमा नदिने आशय व्यक्त गरेपछि आफ्नै गाउँठाउँमा शिक्षण अस्पताल बन्ने आशमा रहेकाहरु निराश भएका हुन् । कलेजका लागि प्रस्तावित जग्गा त्यहाँ काटिने रुख र त्यसको सोधभर्नाका सम्बन्धमा निर्णय नहुँदा समस्या भएको हो । शिक्षा मन्त्रालय र वनविभागलाई निरन्तर घच्चच्याइएको मेडिकल कलेज आयोजना कार्यालयका




निर्देशक देवीप्रसाद सुवेदी बताउँछन् ।

कलेज निर्माणका लागि प्रस्तावित बर्दिबास–४ को माइस्थानस्थित अटावे र भभ्सी खोलाबीचको वनक्षेत्रको ४९ हेक्टर जग्गाबारे सर्वोच्च अदालतमा परेको मुद्दाले केही समय प्रक्रिया रोकिएको भए पनि मुद्दाको फैसला भएपछि अब प्रस्तावित जग्गा, काटिने रुख र तिनको सोधभर्नाबारे निर्णय हुनपर्ने उनी बताउँछन् ।

अदालतले प्रस्तावित जग्गाका रुख काटिदा पर्नसक्ने वातावरणीय प्रभावलाई दृष्टिगत गरी काटी रुखभन्दा १० गुणा बढी रुख रोपेर हुर्काउने सर्तमा कलेज निर्माण गर्ने आदेश दिएको छ । उक्त आदेशअनुसार बर्दिबास–५ दुटेश्वरधाममा २० हजार बिरुवा रोपिएका छन् । कलेजका लागि प्रस्तावित वनक्षेत्रमा रहेका एक हजार ९६७ रुखको सट्टा भर्नाका लागि बर्दिबास नगरक्षेत्रका विभिन्न ठाउँका पर्ति जग्गामा ३० हजार हाराहारीका बिरुवा रोपिएका छन् । सरकारले आर्थिक वर्ष २०७३÷०७४ को नीति तथा कार्यक्रममा कलेज निर्माणका निम्ति शिक्षा मन्त्रालयको अगुवाइमा जग्गा छनौटको कार्यदल बनाएको थियोभने २०७६ मा बर्दिबासमा बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालय स्थापना गरेको थियो । यसैबीच, प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले यससम्बन्धमा सम्बद्ध पक्षसँग समन्वय गर्न बताएका छन् ।




# सशस्त्र प्रहरीको विरोधमा स्थानीयको प्रदर्शन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जानकीटोलामा स्थानीयले सशस्त्र प्रहरीको विरोधमा टायर बालेर प्रदर्शन गरेका छन् ।

सशस्त्र प्रहरी भिखमपुर बेस क्याम्पले भारतबाट घरायसी सामान समेत ल्याउन नदिएको विरोधमा जानकी टोलाका स्थानीयले टायर बालेर प्रदर्शन गरेका छन् । सशस्त्र प्रहरीको भिखमपुर बेस क्याम्पले भारतबाट घरायसी प्रयोजनका लागि सामान ल्याउन नादिएको स्थानीयले सशस्त्र प्रहरी विरोधमा नाराबाजी गरेर प्रदर्शन गरेका थिए । सीमा नाकामा भन्सार छलिका सामान भिल्याउन नदिन कडाई गरेपछि स्थानीयले सशस्त्र प्रहरीको विरोध गरेको सशस्त्र प्रहरी बल नेपाल, नम्बर १३ गण हेडक्वार्टर पर्साका प्रहरी उपरीक्षक राधेश्याम धिमाले बताए । अहिले त्यहाको स्थिति सामान्य होयेको जानकारी गरेका छ ।

# सिरहा भन्सारद्वारा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन




**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१÷८२ को पाँच महिनाको अवधिमा लक्ष्यभन्दा बढी राजस्व गरेको छ । सो अवधिमा कार्यालयले पाँच करोड पाँच लाख ४० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । प्रमुख भन्सार अधिकृत तोयानाथ सापकोटाका अनुसार कार्यालयले पाँच महिनामा चार करोड ८८ लाख ५२ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । कार्यालयले सो अवधिमा वार्षिक लक्ष्यको ४१ दशमलव ६७ प्रतिशत राजस्व सङ्कलन गरेको हो ।

कार्यालयले सार्वजनिक गरेको मासिक प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको साउन महिनामा ९७ लाख ९५ हजार रुपैयाँ, भदौमा एक करोड सात लाख ७२ हजार रुपैयाँ, असोजमा एक करोड दुई लाख ७६ हजार रुपैयाँ, कात्तिकमा एक करोड चार लाख १७ हजार रुपैयाँ र मङ्सिरमा ९२ लाख ८० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा दुई करोड ७७ लाख ४७ हजार रुपैयाँ राजस्व वृद्धि भएको छ । कार्यालयका अनुसार गत आवको पाँच महिनाको अवधिमा दुई करोड ३८ लाख ९३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो । चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य १२ करोड १२ लाख ९२ हजार रुपैयाँ रहेको छ । सिरहामा माडरस्थित सिरहा भन्सार, बरियापट्टीस्थित छोटी भन्सार र भगवानपुरस्थित ठाडी भन्सार कार्यालय रहेका छन् ।

सम्पादकीय

# क्रिकेट र नश्लीय विभेद उद्योग

*खेल नेपाल प्रिमियर लिग (एनपिएल)को हो । क्रिकेटमा नेपालले गरेको प्रगतिमा सबै खुशी छन् । नेपाल सात प्रदेशको समिश्रण हो । कसैलाई पनि रंग, त्वचाका आधारमा विभेद गर्न पाइन्न । तर यही एनपिएलको फाइनल खेलक्रममा अभद्र व्यवहार भएको छ । प्रहरीले यस्तो अभद्र वयवहार गर्ने दुई जनालाई पक्राउ गरेर कारबाहीको दायरामा पनि ल्याएको छ । तपाईँआवेश, रिस, उत्साह र उमंगका नाममा कसैलाई पनि अपमान र विभेद गर्न पाउनु हुन्न । तर सुदूरपश्चिमको डोटी, आदर्श गाउँपालिकाका २१ वर्षीय अशोक साउद र डोटी, दीपायल सिलगढी नगरपालिकाका १९ वर्षीय गणेश साउदले खेलक्रममा गरेको अभद्र व्यवहार र विभेदजन्य व्यवहार नेपाल प्रहरीको रेकर्डमा जनिएको छ । यति मात्रै होइन, विभेदजन्य व्यवहार भनेर एनपिएलको सम्mना गर्दा यो विषय पनि अब छुटाउन हामी निकै गाह्रो भएको छ । किनभने कसैलाई अपमान र विभेद गर्ने काम निषेध हुँदा पनि मान्छे नबुझे गर्दा कारबाहीको दायरामा आएका छन् । हुन उमेर पनि त्यस्तै काँचो र परिपक्व नभएको देखिन्छ । तर यसो भनेर कसैलाई पनि अभद्र व्यवहार गर्ने छुट पक्कै छैन भन्ने प्रहरीको कारबाहीले देखाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौका प्रहरी उपरीक्षक नवराज अधिकारीका अनुसार, नेपाल क्रिकेट सङ्घको आयोजनामा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा पुस ६ गते भएको जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्सबीचको खेलपछि केही व्यक्तिबीच झगडा भएको थियो । त्यसक्रममा केही व्यक्तिले अपमानजनक शब्द प्रयोग गर्ने, साम्प्रदायिक सद्भाव बिगार्न खोज्ने तथा विभिन्न व्यक्तिलाई अभद्र व्यवहार गरेको सम्बन्धमा बिभिन्न निकाय तथा सञ्चारमाध्यममार्फत र पीडितका जाहेरीका आधारमा अनुसन्धान गर्ने क्रममा उनीहरु पक्राउ परेको प्रहरीले जनाएको छ । घटनामा संलग्न अन्य व्यक्तिको खोजी जारी रहेको प्रहरीको भनाइ छ । यहाँनिर बुझ्नुपर्ने के हो भने हिजो उत्साह र आक्रोशमा जो जो उफ्रिए, आज तिनीहरु प्रहरीको सूचीमा छन् । यो अपराधजन्य काममा रोक्न कसैले चासो दिएनन् । आज जो जो प्रहरीको सूचीमा खोजीमा छन्, तिनीहरुलाई पक्राउ गर्न हुन्न भन्ने कोही हुनेछैनन् । अतः सन्तानलाई यस्ता सार्वजनिक कार्यक्रमहरुमा पठाउँदा कस्तो बोल्ने, के व्यवहार गर्ने, कसरी संयमित हुने, कसरी सन्तुलित व्यवहार गर्ने र हिंसात्मक गतिविधि भए कसरी सुरक्षित रहने भनेर सिकाउन जरुरी छ । अचेल कामकाजीका नाममा अभिभावकहरुबाट छाडा भएका सन्तानहरुका कारण सामाजिक सञ्जाल र समाज दुषित हुँदै गएकामा शंका छैन । यस्तो काममा तपाईं हाम्रा सन्तान त संलग्न छैनन् भनेर कम्तीमा आफ्ना सन्ततिको चिन्ता गरौँ । प्रहरी र कानूनको फन्दामा परेपछि हिजो उचाल्नेहरु लिन र जोगाउन आउँदैनन् भन्ने पनि बुझौँ । क्रिकेट खेल हेर्ने नाममा नश्लीय विभेदका विषय उचालेर हिंसा भड्काउन खोज्नेहरुको सिकार त तपाईं हाम्रा सन्तान भएनन् ? सोचौँ फेरि एकपटक । यो हिंसा स्वार्थीहरुको उद्योग पनि हुन सक्छ ।*

# ‘नो भोट’ लागू नगरे उदाइरहनेछन् हर्कहरू !



एनके दाहाल

सुनसरीको राजनीतिलाई मिहिन ढङ्गले बुझेका र नेपाल पत्रकार महासंघ सुनसरीको दुई कार्यकाल अध्यक्ष भइसकेका मेरा मित्र केशव घिमिरेले स्थानीय निर्वाचनअघि नै भनेका थिए । धरानको मेयरमा हर्क साम्पाङ निर्वाचित भएपछि उनले ‘नो भोट’ को प्रावधान लागू नभएकाले यस्तो परिणाम आएको बताएका थिए । धरान निवासी बालसखा मीना गुरूङले पूर्वेली लवजमा भनेकी थिइन्, ‘तिमी हामीले स्कुले जीवनमा अनेरास्ववियुमा आवद्ध भएपछि सांगठनिक प्रशिक्षण लिँदा जे सिकेका थियौं र जे जानेका थियौं, त्यस्तो नेता पाउनु त के छेउटुप्पै भेट्न सकिएन । जो आए पनि कानै चिरिएका ! बरू विभिन्न कुरा गर्दै डुलिहिँड्ने र टन्नै गफ जोत्ने हाम्रै नजिकको सारालुङ (मेयर साम्पाङको जन्मस्थल)तिरको भाइ हर्क साम्पाङलाइ भोट दिइयो है हामीले त ! राजनीतिक दलहरूले राम्रो उम्मेदवार उठाएको भए यस्तो गर्ने थिएनौं ।’

देशभरमा हर्कको जयजय भइरहँदा उनै घिमिरेले फेसबुकमा एउटा स्टाटस लेखेर धरान उपमहानगरपालिकाको कार्यशैलीको उपहास गरेका थिए । घिमिरेलाई मेयर साम्पाङले धम्की दिए, नगर प्रहरी लगाएर बोलाए, हजारौंले तल्लोस्तरका गालीगलौज गरे । त्यसपछि अरूसँग पनि मेयर साम्पाङको जुहारी र गालीगलौज चलिरह्यो र चलिरहेको छ, अनि चलिरहनेछ । जे भए पनि मेयर साम्पाङको कार्यकाल आधा सकिँदा नसकिँदै सबै विषय पटाक्षेप भएको छ । अब मेयर साम्पाङले के नराम्रो भने होइन, के राम्रो र पदीय मर्यादाअनुसार भने अनि गरे भनेर खोज्नुपर्ने अवस्था छ । एउटा जनप्रतिनिधिले आफूलाई कुन रूपमा लिन्छ र उसले केसम्म गर्न खोज्छ भन्ने नकारात्मक उदाहरणमा सबैभन्दा माथि देखिएका छन्, मेयर साम्पाङ । त्यसैले उनको विषयमा धेरै छलफल गर्न आवश्यक छैन, तर उदाहरणको रूपमा उनलाई उल्लेख नगरी जनप्रतिनिधिलाई खबरदारी गर्ने काम अहिलेको सन्दर्भमा पूरा हुँदै हुँदैन । मेयर साम्पाङ कहिल्यै सुध्रने छैनन् र उनका केही भजनमण्डलीले खबरदारीलाई गलत रूपमा लिएर गालीगलौज गर्नेछन् । त्यो पनि थाहा छ, तर अरू जनप्रतिनिधिलाई सुधार्न भए पनि नागरिकको कर्तव्य त पूरा गर्नैपर्छ ।

हो, संघीयता लागू भएपछि संविधान र ऐनका कतिपय विषय संघ, प्रदेश र स्थानीय तहबिच निरूपण हुन सकेका छैनन् । कतिपय विषयमा मुद्दामामिला चले, चल्दैछन र चल्नेछन, तर निरूपण भएका र स्पष्ट लेखिएका विषय पनि मेयर साम्पाङका लागि अमान्य छन् । जनप्रतिनिधिका काम, कर्तव्य र अधिकार स्पष्ट भए पनि त्यसले मेयर साम्पाङलाई पुगेको छैन र उनी मान्न पनि तयार छैनन् । त्यो पनि राम्रो काम गर्न होइन, अरूलाई ठीक पार्न र कारबाही गर्न । उनको मनमा जे लाग्यो, त्यही उनको लागि कानून हो । उनको लागि न्यायालय ‘नाथे’ भएको छ । न्यायालयबाट गल्ती हुनसक्छ, त्यसको खबरदारी पनि नागरिककै हो, तर जुन जनप्रतिनिधिलाई न्यायालय भारी हुन्छ र उसले गरेको काम कानूनसम्मत नभएपछि सच्याउन निर्देशन दिँदा ‘नाथे’ उपमा आउँछ भने बुझ्नुपर्छ, त्यो जनप्रतिनिधि नै ‘नाथे’ भइसकेको छ ।

सुरूमा श्रम संस्कृति विकास गरेको भनेर देश विदेशमा गुणगान गाइएका मेयर साम्पाङले गरेको विकासको ठोस विश्लेषण नै भएन । मूलधारका मूल नेतासँग वाक्क भइसकेका जनता र हावादारी कुरामा रमाउने जमातले उनको वाहवाही गरेको थियो, तर उनले गरेको विकास उनको कार्यकालसँगै समाप्त भएर जानेगरी भएका छन् । खानेपानीका पाइप जथाभावी जंगलमा बिछ्याइएको त्यसको एउटा उदाहरण हुनसक्छ । सुरूमा ठूलो झुण्ड र भजनमण्डलीबाट घेरिने मेयर साम्पाङ अहिले सानो घेरामा सीमित छन् । कार्यपालिकाको बैठक सकेसम्म बोलाउँदैनन्, बोलाए भने लोकतान्त्रिक विधि प्रक्रिया अनुशरण गर्दैनन् । कार्यालयमा पनि धेरैसँग भेटघाट गर्दैनन् ।

स्थानीय तहले पाएको अधिकार प्रयोग गरेर सुधारको काम गर्दैनन्, तर अरूलाई दोष लगाउन र गालीगलौज गर्न छोड्दैनन् । नगरपालिकाको बजेट र कार्यक्रम सफल बनाउन छोडेर चन्दा अभियानमा लाग्छन्, त्यो पनि हिसाब नदेखाई मनमौजी तवरले खर्च गर्ने गरी । कार्यकाल पूरा गरूञ्जेल मेयर साम्पाङ सबैका लागि पत्रु र फ्याङ्लो हुने निश्चित छ । पहिचानको नाराले उनको जीविकोपार्जन त होला, तर त्यसले समाज परिवर्तनको लागि कुनै भूमिका खेल्नेछैन । न उनी पहिचान पक्षधरका नेता



नै हुनेछन् । त्यसै पनि पहिचान पक्षधर नेताहरू एक–अर्कामै नमिलेर पहिचान पक्षधर हामी जस्ता ‘बाहुन’हरूबाट आफैं टाढा भइरहेका छन् ।

गल्ती प्रमुख दलहरूकै

नेपालको राजनीतिमा देशव्यापी रूपमा उपस्थिति जनाएका दलहरू थोरै छन् । धरानमा नेकपा एमालेले पटकपटक जितेको थियो । नेपाली कांग्रेसले पनि धरानमा इतिहासमै पहिलो पटक जितेको भनेर देशव्यापी रूपमा खुसी मनाएको थियो । माओवादी पनि धरानमा बलियो छु भनिरहन्थ्यो, तर उम्मेदवार छनोट गर्दा ती दलले जनताको चाहनाअनुसार गरेनन् । जनताले रूचाएका उम्मेदवारहरू को हुन् भनेर नेपालका राजनीतिक दलहरूले आन्तरिक अभ्यास गर्ने गरेका छैनन् । राष्ट्रिय स्वतन्त्र पार्टीले आन्तरिक अभ्यास गरेको भनिए पनि त्यो नाटकमात्र थियो ।

नेपालको राजनीतिको वास्तविकता के हो भने माथिको नेतासँग सेटिङ मिलाउन सक्नेले उम्मेदवार बन्न पाउँछ । जित्नु नजित्नु पछिको कुरा हो । कतिपय स्थानमा उम्मेदवार बन्न टिकट किनबेचसमेत हुने गर्दछ । धरानमा २०७९ को स्थानीय निर्वाचनमा टिकट किनबेचको कुरा सार्वजनिक नभए पनि उम्मेदवारहरू जनचाहनाअनुसार नभएको भनेर सबै क्षेत्रले नै भनेका थिए, तर प्रमुख दलका प्रमुख नेताहरूले धेरै कुरा र जनचाहनाको वास्ता नगरे जसरी नै धरानका जनताको मागको पनि वास्ता गरेनन् ।

प्रमुख दलका प्रमुख नेताहरूसँग राम्रैसँग उठबस गर्ने एक जना व्यवसायीले एउटा प्रसङ्गमा भनेका थिए, ‘केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डसँग भेट्दा कुरा सुरू गर्नेबित्तिकै कुन व्यक्ति के कामको लागि आएको हो र यसले के माग्दैछ भनेर थाहा पाउँछन्, धेरै भूमिका नै बाँध्नुपर्दैन । लाग्छ, यी नेताहरूले किताबभन्दा धेरै मान्छे पढेका छन् ।’ तर जनताको चाहनाअनुसार ती नेताहरू उम्मेदवार छनोट भने गर्दैनन् । राजनीतिक दलका प्रमुख नेताहरू पार्टीको सन्तुलन, नेताहरूको माग, आफ्नो गुणगान गाउने व्यक्ति र यदाकदा चन्दाको व्यवस्थापन गरेर उम्मेदवार छनोट गर्ने गर्दछन् ।

धरानमा स्थानीय निर्वाचनमा पनि त्यही भयो । कसले के आधारमा उम्मेदवार छनोट गरे ? गर्नेलाई नै थाहा होला, तर कुनै पनि उम्मेदवार जनताको चाहनाअनुसार थिएन । धेरै भोट पाएकाले मेयर हर्क साम्पाङलाई जनताको चाहना थियो भन्ने आधार त छ, तर त्यो आधार नकारात्मक कोणबाट मात्र थियो भन्ने विश्लेषण नै भएको छैन । यदि त्यस्तो हुँदैन थियो भने न मत गणना हुञ्जेलसम्म साम्पाङ एउटा कुनामा एक्लै बस्ने थिए न त आफैं माइक बोकेर कसैले उनलाई सुनून् या नसुनून् चौक चौकमा भाषण गर्दै हिंड्ने थिए । जबजब मत परिणाम सार्वजनिक हुन थाल्यो र उनले धेरै मत पाउन थाले, तबतब उनी वरिपरि मान्छेको भीड लाग्न थाल्यो । काठमाडौंका मेयर बालेन शाह र धनगढीका मेयर गोपाल हमालको अघिपछि देखिएको भीड एवं जनचाहना र धरानका मेयर साम्पाङको जित एकै प्रकारको हुँदै होइन ।

आवश्यकता ‘नो भोट’को

नेपालका प्रमुख राजनीतिक दलहरूले लोकतन्त्रको पछिल्लो उन्नत प्रक्रिया ‘नो भोट’ वा ‘राइट टु रिजेक्ट’ वा ‘नेगेटिभ भोटिङ’मा ध्यान दिएका छैनन् । धेरैले उम्मेदवार मन नपरेको कारण घरमै बसेर या मतदान गर्न नगएर असहमति जाहेर गर्छन् । यो शैली परम्परागत हो । पछिल्लो चरणमा मतदानस्थलमा गएर नै जनताले विरोध गर्न पाउने प्रावधान लागू गर्न थालिएको छ । ‘नो भोट’ वा ‘राइट टु रिजेक्ट’ वा ‘नेगेटिभ भोटिङ’ जस्ता नाम दिएर कानून बनाइ धेरै देशमा लागू गरिएको छ । भारत, दक्षिण अफ्रिका, स्वीडेन, फिनल्याण्ड, फ्रान्स, बेल्जियम, ब्राजिल, ग्रीस, नर्वे, बेलायत, अमेरिका, बेलारूस, स्पेनलगायतका झण्डै दुइ दर्जन देशमा यो प्रावधान लागू गरिएको छ । यो प्रावधान लागू भएपछि मतदान प्रतिशत पनि बढेको देखिन्छ । तर नेपालमा यो प्रावधान लागू गरिएको छैन ।

नेपालमा सर्वोच्च अदालतले २०७० पुस २१ गते संसदीय तथा स्थानीय निर्वाचनहरुमा ‘नो भोट’को व्यवस्था गर्न आदेश दिएको थियो । तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश प्रकाश वस्तीको संयुक्त इजलासले गरेको फैसलामा मतपत्रको ढाँचामा नो भोटको विकल्प समावेश गर्न निर्देशनात्मक आदेश दिएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोगलाई विपक्षी बनाएर दायर भएको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले सो आदेश दिएको थियो । सर्वोच्चको निर्देशनात्मक आदेशमा भनिएको थियो–‘निर्वाचनमा नो भोटको प्रक्रिया व्यवस्था गरी सोहीअनुसार मतपत्र ढाँचासमेत समावेश गरी निर्वाचन सञ्चालन गर्ने प्रयोजनका लागि कानूनी एवं उपयुक्त कुराको व्यवस्था गर्नू ।’ तर ११ वर्ष बित्यो, सर्वोच्चको सो आदेश कार्यान्वयन भएको छैन ।

निर्वाचन आयोगले बेला बेला ‘नो भोट’को प्रावधान लागू गरिएको कानूनको मस्यौदा तयार गरेको भनेर सार्वजनिक खपत गर्छ । दलहरूसँग छलफल गरेको नाटक पनि गर्छ, तर लागू गराउन सक्दैन । सर्वोच्चको आदेश मान्न खोजे जस्तै गरी त्यसलाई असफल गराउन निर्वाचन आयोग नै लागिरहेको त छैन ? निर्वाचन आयोगका पदाधिकारीहरूले संसारका उदाहरण अनुशरण नगरे पनि छिमेकी भारतका पूर्व निर्वाचन आयुक्त टीएन शेषनबाट थोरै भए पनि प्रभावित भएर केही काम गरे त हुने ! निर्वाचन आयोगका पदाधिकारीहरूले डेढ वर्षअघि प्रकाशित टीएन शेषनको आत्मकथा ‘थ्रू द ब्रोकेन ग्लास’ पढेर थोरै शिक्षा लिएर केही प्रयास गरे पनि हुने ! जे काममा पनि नेताहरूले गरेनन् भन्ने कर्मचारीतन्त्रले आयोगका पदाधिकारीहरूलाई ‘नो भोट’को प्रावधानको महत्व र आवश्यकता बुझाएर खुट्टा टेक्न लगाए पनि हुने ! यी सबै कुराभन्दा प्रमुख विषय हो, नेपालका राजनीतिक दलहरूले लोकतन्त्रको सुन्दर पक्षमा एक मानिने ‘नो भोट’को प्रावधान लागू गर्ने कानून पास गरे हुने !

तर त्यसतर्फ कसैको ध्यान गएको देखिँदैन । बरू प्रमुख नेताहरू नै ‘नो भोट’को प्रावधान लागू नगरेपछि मेयर बनेका हर्क साम्पाङसँग आरोप–प्रत्यारोप गरिरहेका भेटिन्छन् । ‘नो भोट’को प्रावधान लागू गर्नु नगर्नु निर्वाचन आयोग, सरकार र राजनीतिक दलहरूको काम हो । गरे राम्रो, नगरे नेपालको राजनीतिमा उदाइरहनेछन् हर्कहरू । जसले घृणा र नकारात्मक राजनीतिलाई बढावा दिइरहनेछन् । नेपालप्रेस

# कानूनमा विश्वास गर्छुः सभापति पोखरेल

**काठमाडौँ ।**
सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सोमबार बसेको समितिको बैठकमा आफू जुनसुकै परीक्षामा बस्न तयार रहेको बताएका छन् । सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले आफू कानुनमा विश्वास गर्ने बताएका हुन् ।

समितिको बैठकमा नेकपा माओवादीका सांसद अमनलाल मोदीले सभापति पोखरेलकी पत्नी अञ्जुला कोइराला उमागौरी कृषि सहकारी संस्थाको रकम अपचलनमा संलग्न रहेको भन्दै जवाफ दिनुपर्ने माग गरेका थिए । यस्तै एमाले सांसद योगेश भट्टराईले सभापतिमाथि विषय उठिसकेपछि त्यसको जवाफ दिनुपर्ने बताएका थिए ।

त्यसको जवाफमा सभापति पोखरेलले भने, मेरो विषयमा कुरा उठ्यो । कानुनी प्रक्रियामा छ । म जुनसुकै परीक्षामा बस्न तयार छु । म कानुनमा विश्वास गर्छु ।

बैठकमा एमाले सांसद गोकुल बास्कोटा र कांग्रेस सांसद राजेन्द्र केसी सभापति पोखरेलको बचाउ गरेका थिए ।

यस्तै सभापति पोखरेलले बैठक बसेन भनेर बाहिर आएको भन्दै १४५ बैठक कसरी बस्यो भन्दै प्रश्न गरे । माओवादी सांसद मोदीको जवाफमा सभापति पोखरेलले दलको निर्णय र सहमति मान्ने बताए ।

# सुदूरपश्चिममा सरकारलाई प्रभावकारी बनाइने

**कैलाली ।**
सुदूरपश्चिममा सरकारी संयन्त्रले आगामी दिनमा छलफल र सहकार्यलाई अझै बलियो बनाउँदै लैजाने निर्णय गरेको छ ।

सोमबार बसेको नेपाली कांग्रेस र नेकपा एमालेबीच गठित प्रदेशस्तरीय राजनीतिक संयन्त्रले विगतको समीक्षा गर्दै रिक्त रहेका राजनीतिक नियुक्ति सहमतिका आधारमा टुङ्ग्याउने निर्णय गरेको हो ।

एमाले सचिवसमेत रहेका सुदूरपश्चिम प्रदेश इन्चार्ज लेखराज भट्टको अध्यक्षतामा बसेको संयन्त्रको बैठकले सुदूरपश्चिम प्रदेश सभालाई बिजनेस विहीन बन्न नदिने, सरकारलाई अझै गति दिने, विषयगत समितिहरूको चाँडै नेतृत्व टुङ्गो लगाउने लगायतका विषयमा छलफल गरेको थियो ।

'प्रदेशमा रिक्त रहेका राजनीतिक नियुक्ति सहमतिका आधारमा यथाशीघ्र टुङ्ग्याउने निर्णय गरेको छ', कांग्रेस सुदूरपश्चिम प्रदेश कार्यसमितिका प्रवक्ता सुरतबहादुर रावतले भने 'संसदीय अभ्यासलाई सुचारु गर्नका लागि गतिविधिहरू पनि यथाशीघ्र अगाडि बढाउने पनि निर्णय गरिएको छ ।'

सुदूरपश्चिम प्रदेशमा चार वटा विषयगत समिति छन् । ती मध्ये एउटामा मात्रै सभापति छन् । अन्य तीन समिति ज्येष्ठ सदस्यको भरमा छन् । सबै समितिमा कांग्रेस नेतृत्व रहेको छ । अहिलेसम्म भागबन्डा टुङ्गो नलाग्दा समितिहरू सभापति विहीन छन् । आजको बैठकले चाँडै सहमतिको आधारमा समितिलाई नेतृत्व दिने निर्णय गरिएको छ ।

त्यस्तै संयन्त्रको बैठकले बाजुराको जगन्नाथ गाउँपालिका– ५ गोत्री केन्द्रबिन्दु भएर पुस ६ गते बिहान गएको भूकम्पबाट पीडितहरूलाई विपद् व्यवस्थापन समितिमार्फत राहत तथा पुनर्स्थापना गर्ने निर्णय पनि गरेको छ । कांग्रेस–एमालेको प्रदेशस्तरीय संयन्त्रको पहिलो बैठकको अध्यक्षता एमाले सचिव भट्टले गरेका थिए । अर्को बैठकको अध्यक्षता कांग्रेसले गर्ने समझदारी भएको छ ।

संयन्त्रको बैठकमा एमाले सचिव तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज लेखराज भट्ट,कांग्रेस सुदूरपश्चिम प्रदेश कार्यसमितिका सभापति वीरबहादुर बलायर, एमाले सुदूरपश्चिम प्रदेश अध्यक्ष कृष्णप्रसाद जैशी,कांग्रेसका प्रदेश उपसभापति लोकराज अवस्थी, मुख्यमन्त्री कमलबहादुर शाह र एमाले प्रदेश संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल सहभागी भएको बताइएको छ ।

# पर्यटकलाई कुनैपनि समस्या आउन दिनुहुँदैनः मन्त्री पाण्डे



**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटकलाई कुनै पनि समस्या नहुने गरी सहजीकरणको व्यवस्था मिलाउन विमानस्थलसम्बद्ध निकायका अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्बद्ध निकायको बैठकमा उनले विदेशी नागरिक पहिलोपटक प्रवेश गर्ने अन्तर्राष्ट्रिय विमानस्थल संवेदनशील क्षेत्र भएकाले सकारात्मक सन्देश दिने गरी सबै जिम्मेवार भएर लाग्न निर्देशन दिएका हुन् । 'यो विमानस्थल संवेदनशील क्षेत्र हो । त्यसैले सुरक्षा निकायको भूमिका अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ । हाम्रा सेवा यात्रुमैत्री हुन जरुरी छ । एकपटक आउने विदेशी पर्यटकलाई पटक–पटक यहाँ आउने वातावरण बनाउनुपर्छ,'– मन्त्री पाण्डेले भने ।

उनले ४६ लाख क्षमता भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले हाल ९० लाख यात्रुलाई सेवा दिनुपर्ने बाध्यता रहेकाले प्रविधिमैत्री सेवा प्रवाह गरी सेवा चुस्तदुरुस्त बनाउनसमेत आग्रह गरे । मन्त्री पाण्डेले विमानस्थलमा देखिएका समस्याहरूको पहिचान गरी १५ दिनभित्र कार्ययोजना बनाएर अघि बढ्न निर्देशन दिए ।

'भन्सार, अध्यागमन, एयरलाइन्स, क्यान कसले के–के काम गर्ने र कति सयमभित्र गर्ने भनि कार्यायाजनासहित अगाडि बढ्न आवश्यक छ । त्यसका लागि १५ दिनभित्र योजना बनाउनुहोस् । अन्तरमन्त्रालयमार्फत हुने समन्वयात्मक कार्यका लागि हामी सधैँ अग्रसर रहनेछौं,' उनले भने ।रासस

# राष्ट्रपति समक्ष पाँच राजदूतको शपथ



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार विभिन्न देशका लागि नवनियुक्त राजदूतहरुलाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।

राष्ट्रपति कार्यालयमा आयोजित एक समारोहमा रुसी महाङ्गका लागि नवनियुक्त राजदूत जङ्गबहादुर चौहान, संयुक्त अधिराज्यका राजदूत चन्द्रकुमार घिमिरे, स्पेनका राजदूत शनिल नेपाल, गणतन्त्र कोरियाका राजदूत डा शिवमाया तुम्बाहाङ्फे र गणतन्त्र भारतका राजदूत डा शङ्करप्रसाद शर्माले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेको राष्ट्रपति कार्यालयले जनाएको छ त्यस अवसरमा नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको समेत उपस्थिति रहेको जनाइएको छ ।रासस

# 'अनुमतिपत्र छपाइ तथा वितरणको काम प्रदेशस्तरबाटै हुनुपर्छ'

**काठमाडौं ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सवारी चालक अनुमतिपत्र तथा वितरणको काम अब प्रदेशस्तरबाटै गरिनुपर्ने बताएका छन् ।

यातायात व्यवस्था विभागले सोमबार आयोजना गरेको यातायात क्षेत्रमा देखापरेका समस्या समाधान एवम् विगतमा भएका निर्णयको कार्यान्वयन विषयक कार्यक्रममा उनले यस प्रक्रिया सहज र सरल बनाउन यससम्बन्धी कार्य गरिनुपर्नेमा उनले जोड दिए ।

मन्त्री दाहालले भने, 'यातायात व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको समेत भएकाले सवारी चालक अनुमतिपत्र छपाइ, नवीकरण एवम् वितरणजस्ता कार्य अब प्रदेशस्तरबाटै हुनुपर्छ। बरु एउटा 'कटअप डेट' तोकेर त्यसपछिको काम प्रदेशबाटै हुने गरी सबै प्रदेशले यससम्बन्धी कार्य गर्ने तयारी गर्नुपर्छ ।' मन्त्रालयका सचिव केशवकुमार शर्माले सवारी चालक अनुमतिपत्र छपाइमा रहेका जटिलताको अन्त्य गरी प्रदेशस्तरबाटै छपाइ र वितरणको व्यवस्था गर्न यातायात विभाग र प्रदेशबीच समन्वय हुनुपर्ने बताए। यस्तै छपाइ भएका 'ईम्बोष्ड नम्बर प्लेट' जडान कार्यलाई तीव्रता दिन उनले आग्रह गरे ।

विभागका महानिर्देशक राजिव पोखरेलले यातायात क्षेत्रको सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वयका लागि कार्यक्रम आयोजना गरिएको बताए । कार्यक्रममा सबै प्रदेशका यातायात क्षेत्र हेर्ने मन्त्रालयका सचिवको सहभागिता रहेको थियो ।रासस

# 'कांग्रेसको मूल चूनौती पार्टी व्यवस्थापन हो'

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले पार्टीको व्यवस्थापन नै कांग्रेसका लागि मूल चूनौती रहेको बताएका छन् । नेपाली कांग्रेसको सय दिने विशेष अभियानअन्तर्गत कांग्रेस काठमाडौं महानगर समितिले क्षेत्रपार्टीमा सोमबार आयोजना गरेको महानगरस्तरीय भेलालाई सम्बोधन गर्दै उनले भने, 'अहिले कांग्रेसका लागि पार्टीलाई व्यवस्थापन गर्न सक्रे कि नसक्रे भन्ने मुख्य सवाल हो, क्रियाशील सदस्यको सङ्ख्या धेरै छ । तर, क्रियाशील सदस्यलाई सदस्यताको महत्व बुझाउन जरुरी छ ।'

हरेक क्रियाशील सदस्यलाई पार्टीको गतिविधिमा संलग्न गराउनुपर्नेमा नेता सिंहले जोड दिए । देशमा प्रजातन्त्र र प्रजातान्त्रिक मूल्य मान्यता ल्याउन धेरै सङ्घर्ष गरेको र जनताको पटक–पटक विश्वास जितेको कांग्रेस पार्टीको क्रियाशील सदस्यता सामान्य विषय नभएको उनले बताए । पार्टीभित्र समस्या भए बसेर समाधान गर्नुपर्ने उनले उल्लेख गरे । काठमाडौँवासीले भोगेका पीर मर्का र समस्या समाधान गर्नतर्फ लाग्न नेता सिंहले काठमाडौँ महानगर समितिलाई आग्रह गरे । एक सय दिने विशेष अभियानले पार्टी सङ्गठन सुदृढीकरण गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । काठमाडौँ कांग्रेसको सय दिने विशेष अभियानका लागि नेता कृष्णप्रसाद सिटौला खटिएका छन् ।रासस

# 'सहकारीको ऋण तिर्दिन भन्नु अराजकता हो'




**गलकोट ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिव तथा पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले सहकारीको ऋण तिर्दिन भनेर सडकमा हुने आन्दोलन अराजकता भएको बताएका छन् ।

सम्पत्ति खरिद गर्न र दुःखमा मलम लगाउन सहकारीबाट लगेको ऋण नतिर्दा सहकारीहरू समस्यामा पर्ने बताउँदै उनले ऋण तिर्दिन भन्न नपाइने बताए । 'सहकारीबाट ऋण लैजाने, तिर्दिन भनेर सडकमा आन्दोलन गर्ने अराजकलाई सरकारले ठेगान लगाउन आवश्यक छ,' नेता पौडेलले भने ।

सोमबार बागलुङ बजारमा सिवाइसी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ वार्षिक साधारणसभालाई उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्यसमेत रहेका पौडेलले एउटा केही बदमासी गर्ने सहकारीका कारण समग्र सहकारीहरू बदनाम भएको बताए । सहकारीका ऋणीहरूलाई ऋण तिर्ने कसिलो नीति सरकारले बनाउने उनको भनाइ छ ।रासस



## शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**धनुषाधाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धनुषाधाम, धनुषा, मधेश प्रदेश

# प्रदेशसभा बैठक आव्हानका लागि सिफारिस गरिने

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले प्रदेश सभाको पाचौँ अधिवेशन आव्हानकालागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रदेश मन्त्रीपरिषद्को सोमबार बसेको बैठकले यही पुस १६ गते दिउँसो २ बजे प्रदेश सभाको पाचौँ अधिवेशन आह्वानकालागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए ।

गत भदौ ३१ गते चौथो अधिवेशन अन्त्य भएको थियो । साँढे तीन महिनापछि पाचौँ अधिवेशन बैठक बस्न लागेको हो । त्यसैगरी बैठकले प्रदेश चलचित्र विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरेको छ ।रासस

# रोजगारी प्रवर्द्धनका लागि बन्दीपुरमा श्रम बैंक

**दमौली ।**
तनहुँको बन्दीपुर गाउँपालिकाले श्रम बैङ्क कार्यान्वयनमा ल्याएको छ । श्रमलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउदै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि श्रम बैंक सञ्चालनमा ल्याइएको पालिकाले जनाएको छ । श्रम बैङ्कमार्फत कामको खोजीमा रहेका व्यक्तिलाई काम र रोजगारदातालाई कामदार उपलब्ध गराउन गाउँपालिकाले सहजीकरण गर्ने गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताए ।
यसैगरी गाउँपालिका भित्र रहेका सबै प्रकारका दक्ष, अर्धदक्ष तथा अदक्ष व्यक्तिहरू र रोजगारदाताको विवरण एकीकृत रूपमा तयार गरी रोजगार विनिमयकार्य गर्ने निर्णय भएको थापाले जानकारी दिए । गाउँपालिकाका रोजगार संयोजक शरणसिंह गुरुङले श्रम बैङ्क सञ्चालनपछि रोजगारी प्रवर्द्धनमा उल्लेख्य टेवा पुग्ने विश्वास गरिएको बताए । रासस

# नेप्से परिसूचक २८ दशमलव ९१ अङ्कले बढ्यो

**काठमाडौं ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २८ दशमलव ९१ अङ्क अर्थात् एक दशमलव ११ प्रतिशतले बढेर दुई हजार छ सय १२ दशमलव २० विन्दुमा पुगेको छ ।
नेप्सेका अनुसार सोमबार विभिन्न तीन सय २८ कम्पनीका ८१ लाख आठ हजार आठ सय ५१ कित्ता शेयर ५५ हजार नौसय ३८ पटक खरिदबिक्री हुँदा चार अर्ब ४३ करोड २४ हजार छ सय तीनमा कारोबार भएको छ ।
सोमबारको कारोबारपछि सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको नौ दशमलव ९९ प्रतिशत, बलेफी हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९३ प्रतिशत र नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको शेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले बढेको छ ।
त्यसैगरी मानुसी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लाग्दा कुल ४२ वटाकम्पनीको शेयर मूल्यमा रातो देखिएको छ ।
नेप्सेका अनुसार सोमबार कर्पोरेट डेभलपमेन्ट बैंकको तीन दशमलव १६ प्रतिशत, पिपुल्स पावर लिमिटेडको दुई दशमलव ३१ प्रतिशत, ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड–१ को एक दशमलव ९० प्रतिशत र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य एक दशमलव ८६ प्रतिशतले ओरालो लागेको छ । रासस

# विनोद र उमेशलाई इन्डोनेसियामा पदक



**काठमाडौं ।**
इन्डोनेसियाको बालीमा भएको एभीएफ एसियाली भिभोनम मिक्स मार्सल आर्ट्स च्याम्पियनसिपमा विनोद श्रेष्ठ र उमेश महर्जनले पदक जितेका छन् ।
विनोदले पुरुष ७० केजीमा रजत तथा उमेशले पुरुष ६५ केजी तौलसमूहमा कांस्य जितेको प्रशिक्षक राजीव महर्जनले जनाएका छन् ।
प्रशिक्षक महर्जनका अनुसार प्रतियोगितामा २२ राष्ट्रका ३ सय ३५ खेलाडी सहभागी थिए ।

# बुढासुब्बा गोल्डकपको २५ औँ संस्करण माघ १९ गतेदेखि

**धरान ।**
अन्तर्राष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको २५औँ संस्करण आगामी माघमा हुने भएको छ ।
सोमबार आयोजित पत्रकार सम्मेलनमा आगामी माघ १९ गतेदेखि २६ गतेसम्म प्रतियागिता आयोजना हुने धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङले जानकारी दिए ।
धरान उपमहानगरपालिका–१६ रङ्गशालामा हुने प्रतियोगितामा १० वटा क्लबको सहभागी रहनेछ । प्रतियोगितामा एनआरटी क्लब काठमाडौँ, लिग च्याम्पियन चर्च ब्वाइज क्लब, नेपाल पुलिस क्लब, भुटान फुटबल एकाडेमी, त्रिभुवन आर्मी क्लब, इटहरी जागृती क्लब, युके एफसि भारत, मच्छिन्द्र क्लब काठमाडौँ, काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर झापा, र धरान फुटबल क्लब रहने जनाएको छ ।
प्रतियोगिताको विजेताले ट्रफिसहित १० लाख रुपैयाँ र उपविजेताले नगद पाँच लाख रुपैयाँ पुरस्कार पाउने छन् । उत्कृष्ट खेलाडीले नगद रु एक लाख र प्रत्येक खेलको प्लेयर अप दि म्याच हुनेले १५ हजार रुपैयाँ, सर्वाधिक गोलकर्ताले ३५ हजार रुपैयाँ, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफन्स, उत्कृष्ट मिड फिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षकले जनही २५ हजार रुपैयाँ पुरस्कार पाउने अध्यक्षले बताए ।
प्रतियोगिता ८० लाख १० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ भने एक करोड दुई लाख २५ हजार रुपैयाँ आम्दानी हुने लक्ष्य राखिएको क्लबका महासचिव नवीन राईले बताएयो ।
प्रतियोगितामा उपविजेताले पाउने पाँच लाख रुपैयाँ धरान उपमहानगरपालिका–१५ निवासी हाल पोर्चुगलमा रहनुभएको अरुण राईले प्रदान गर्ने अध्यक्ष तामाङले बताए ।प्रतियोगिताको गत वर्षको संस्करणमा एनआरटी क्लब काठमाडौं विजेता र जिल्ला फुटबल सङ्घ मोरङ उपविजेता भएका थिए । रासस

# झापा कपको उपाधि चर्च ब्वाइजलाई

**काठमाडौं ।**
पहिलो संस्करणको झापा कपको उपाधि चर्च ब्वाइज युनाइटेडले हात पारेको छ ।
बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा सोमबार भएको खेलमा एनआरटी क्लबलाई ३–१ गोल अन्तरले पराजित गर्दै चर्च ब्वाइज युनाइटेडले हात पारेको हो । खेलको २१ औं मिनेटमा चर्च ब्वाइजले अग्रता लिएको थियो । चर्च ब्वाइजका समिर तामाङले एनआरटीका डिफेण्डरको मिसपासलाई सदुपयोग गर्दै गोल गर्न सफल भए ।
४३ औं मिनेटमा चर्च ब्वाइजले अग्रता दोब्बर बनायो । रोहन कार्कीले डि बक्समा मिलाइदिएको पासलाई डि बक्समा अनमार्क रहेका विदेशी खेलाडी अर्माण्डले गोल गरे । त्यसको लगत्तै एनआरटीले १ गोल फर्कायो । विदेशी खेलाडी कार्लोसले दिएको क्रस पासमा कप्तानसमेत रहेका अञ्जन बिष्टले गोल गरेका थिए । खेलको अतिरिक्त समयमा समिर तामाङको पासमा अर्माण्डले गोल गर्दै चर्च ब्वाइजको जित सुनिश्चित पारे ।
प्रतियोगिताको प्लेयर अफ द म्याच विजेता टिम चर्च ब्वाइजका समिर तामाङ भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए ।
प्रतियोगिताको उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका क्रिशल मोक्तान, प्रतियोगितामा सर्वाधिक गोलकर्ता एनआरटीका अञ्जन बिष्ट, झापा ट्यालेन्टका रुपमा छनौट भएका झापा–११ का प्रदीप बुढाथोकीले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाए । मष्ट भ्यालुएबल प्लेयर चर्च ब्वाइजका रोह कार्की भए । उनले नगद १ लाख रुपैयाँ पुरस्कार पाए ।




# बेरूजु फछ्र्यौटका काममा गति दिइने



**काठमाडौं ।**
संघीय संसद् प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले महालेखापरीक्षक कार्यालयको प्रतिवेदनले औँल्याएका बेजुरु फछ्र्यौटलाई गति दिने निर्णय गरेको छ ।
समितिअन्तर्गतको बेरूजु फछ्र्यौट उपसमितिको बैठक नियमित गर्ने र १५ दिनभित्र महालेखापरीक्षक कार्यालयको साठिऔँ प्रतिवेदनमाथिको छलफल टुङ्ग्याइसक्ने निर्णय भएको सभापति ऋषिकेश पोखरेलले जानकारी दिए । उनका अनुसार बेरूजु फछ्र्यौटका काम टुङ्ग्याएपछि समितिमा परेका उजुरीमाथि छलफल गरिनेछ ।
त्यस्तै, बेरूजु फछ्र्यौटको अवस्थाबारे सम्बन्धित मन्त्रालयका सचिवहरूलाई बोलाएर छलफल गर्ने निर्णय पनि समितिले गरेको छ । लेखा समितिको आजको बैठकमा प्रतिपक्ष दलका सांसदहरूले सभापति पोखरेलको श्रीमती सहकारी ठगी प्रकरणमा मुछिएको र समितिको नेतृत्व प्रतिपक्षले पाउनुपर्ने विषयसमेत उठाएका छन् ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद अमनलाल मोदीले सभापति पोखरेल पत्नी सहकारी ठगी प्रकरणमा मुछिएको विषय उठाएपछि सत्तापक्ष दलका सांसदहरूले त्यसको बचाउ गरेका छन् ।
लेखा समिति सभापति प्रतिपक्ष दलले पाउनुपर्ने पनि सांसद मोदीको भनाइ थियो । 'सहकारीको विषयमा सार्वजनिक लेखा समितिको सभापतिमाथि नै प्रश्न उठिसकेपछि यसबारे जवाफ दिनुपर्ने हुन्छ । शक्ति सन्तुलनका लागि समितिका काम प्रभावकारी बनाइरहन पनि लेखा समितिको सभापति प्रतिपक्षले पाउनुपर्छ', सांसद मोदीको भनाइ थियो ।
सांसद मोदीको भनाइप्रति सत्तापक्ष सांसदहरू योगेशकुमार भट्टराई, श्यामकुमार घिमिरे, गोकुलप्रसाद बाँस्कोटा, देवप्रसाद तिमलसेनालगायतले विमति राखेका थिए । 'सभापतिको श्रीमतीको नाम सहकारी प्रकरणमा जोडिएको छ । उहाँ अदालतमा हाजिर हुन जानुहुन्छ । यो विषय न्यायिक निरूपणबाट स्पष्ट हुने भन्नेमा एमाले स्पस्ट छ । बाहिर चिच्याउँदै कराउँदै हिँड्ने होइन', भट्टराईले भने, 'जहाँसम्म सभापति प्रतिपक्षले पाउने भन्ने विषय छ, विगतमा एउटा परिस्थितिमा राजनीतिक सहमतिका आधारमा संसद् र समितिको नेतृत्व तोकिएको थियो । अब फेरि परिवर्तन गर्ने हो भने बदलिएको परस्थितिअनुसार संसद्मा नेतृत्व अदलबदल गरौँ, समिति सभापति फेरौँ ।' विगतमा राजनीतिक सहमतिमा भएका निर्णय कुनै व्यक्तिविशेषको आग्रहमा नबदलिने उल्लेख गर्दै उनले दलहरूले नै परिवर्तन गर्न चाहे त्यसको निर्णय गर्नुपर्ने बताए ।
नेपाली कांग्रेसका प्रमुख सचेतकसमेत रहेका समिति सदस्य श्यामकुमार घिमिरेले पनि दलीय सहमतिका आधारमा समिति सभापति तोकिएकाले अहिले यसमा फेरबदल गर्ने हो भने दलहरूले नै त्यसमा सहमति खोज्नुपर्ने बताए । उनले भने, 'हामीले सहमतिका आधारमा समितिमा सभापति र सदस्य तोकेका थियौँ । यस विषयमा दैनिक कुरा उठ्ने तर निराकरण नहुने अवस्था राम्रो भएन । यसलाई दलगत रूपमा निरूपण गर्दा उपयुक्त हुन्छ ।'
सांसद गोकुलप्रसाद बाँस्कोटाले समिति सभापति पोखरेलमाथि आरोप लाग्दैमा त्यसैलाई अन्तिम सत्य मान्ने नभई अदालतको फैसलालाई मान्ने बताए । 'सभापतिको श्रीमतीको विषयमा प्रश्न आएका छन् । जसको बारेमा प्रश्न उठेको छ, उसले कानुनको सामना गर्न हिच्किचाउँदैन भन्ने मान्यता एमालेले राख्छ', उनले भने, 'सभापति दोषी हुनुहुन्छ भन्ने तरिकाले व्यक्तिगत हमला नगरौँ ।
व्यक्तिगत मानमर्दन गर्नेगरी लाञ्छना लाउन हुँदैन । यदि उहाँ दोषी देखिनु भयो भने पदमा बसिरहन हुँदैन । कानुनी राज ने अन्तिम सत्य हो ।'
सांसद सञ्जयकुमार गौतमले मुलुकमा सुशासन र आर्थिक पारदर्शिताका कायम गर्नका लागि लेखा समितिले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसका काम प्रभावकारी बनाइनुपर्ने बताए । 'लेखा समितिले के काम गरेको छ ? समितिले सरकारमाथि कस्तो दबाव सिर्जना गरेको छ ? हामीले दिएका निर्देशन कहाँ पुगेका छन खोजौँ', उनले भने, 'राष्ट्रिय गौरवको आयोजना कुन हालतमा छन् ? विगतमा भएका निर्णयको समीक्षा गरौँ । हामी सही ठाउँमा उभिन सकेका छौँ भनेर प्रश्न उठेको छ ।'
सांसद देवप्रसाद तिमलसेनाले पनि समितिले गरेका अनुगमन र दिएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे प्रश्न गरे । 'समितिले गरेका अनुगमनका प्रतिवेदन कहाँ छन् ? त्यसको कार्यान्वयनको अवस्था कस्तो छ ? समितिमा परेका सबै उजुरीमाथि छानबिन गरौँ', उनले भने ।
सांसद रामकृष्ण यादवले पनि लेखा समितिले यसअघि गरेका निर्णय र दिएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे खोजीनिती गरिनुपर्ने बताए ।
त्यस्तै, सांसद डा अमरेशकुमार सिंहले समितिको विधायिकी दायित्व कमजोर भएको, सांसदहरू समितिमा आउन नखोजेको, बेरूजु फछ्र्यौटका काम प्रभावकारी हुन नसकेकोलगायत विषयहरु उठाए । समितिअन्तर्गतका उपसमितिहरूको काम पनि प्रभावकारी ढंगले अघि बढाइनुपर्ने उनको भनाइ छ । रासस

# थाइल्याण्ड र म्यानमार यात्रासम्बन्धी सूचना जारी

**काठमाडौं ।**
नेपाल सरकारले म्यान्मार, थाइल्याण्ड, कम्बोडिया, लाओसलगायतका मुलुकमा जान चाहने वा जाने तयारीमा रहेका नेपाली नागरिकलाई उचित ध्यान दिन र सावधानी अपनाउन अनुरोध गरेको छ ।
परराष्ट्र मन्त्रालयले सोमबार सूचना जारी गरी ती देशमा वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न अनुरोध गर्नाका साथै रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्मकम्पनीररोजगारदाता को बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्मकम्पनीररोजगारदाता को वेबसाइट चेकजाँच गर्न आग्रह गरिएको छ ।
हालका दिनमा मानव बेचबिखन एवं अन्य आपराधिक गतिविधिमा सङ्लग्न गिरोहले नेपाली नागरिकलाई कम्बोडिया, लाओस र म्यानमारमा लगेर जबरजस्ती अवैध कार्यमा लगाउने, रोजगारदाताले राहदानी खोसिदिने, १२–१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायत समस्या बढेका छन् । यस विषयमा जानकारी गराउँदै नेपाली दूतावास याङ्गन र बैंककमा उद्धारका लागि आवेदन गर्ने नेपालीको सङ्ख्या उल्लेखनीय रूपमा बढोत्तरी भइरहेको घटनाप्रति मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको छ ।
मन्त्रालयले वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा पुऱ्याई अलपत्र पार्ने एवं निषेध गरिएका कार्यमा सङ्लग्न गराउन वा त्यस्ता गैरकानुनी कार्य नगर्न÷नगराउन र यसतर्फ सचेत रहन सबैमा अनुरोध गरेको छ ।
साथै मन्त्रालयले अनलाइन जुवा, कल सेन्टर–फ्रड, क्रिप्टो–करेन्सी ठगी आदिमा सङ्लग्न शंकास्पद आइटी फर्मले बैंककमा रोजगारीका अवसरको प्रलोभन देखाई युवालाई ठगी गरिरहेको र पीडितलाई गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यानमार लगी बन्दी बनाएर काम गर्न लगाइएको पाइएकाले त्यस्ता प्रलोभनमा नपर्न आग्रह गरेको छ ।उल्लिखित विषयलगायत सम्बन्धमा कुनै जानकारी लिनुपरेमा नेपाली दूतावास, याङ्गनका द्वितीय सचिव गंगा सुन्दासको टेलिफोन नम्बर :९५–०१–९५४५८०÷०१ – ९५५७१६८ र हटलाइनरभाइबरवाट्सएप नं:९५ ९२५१२४२०५१ तथा नेपाली दूतावास, बैंककका प्रथम सचिव खगराज पाण्डेको टेलिफोन नम्बर ६६८६९९१५५५४ ९वाट्सएप०लाई सम्पर्क गर्न हुन अनुरोध गरिएको छ ।
यसअघि थाइल्याण्ड र म्यानमारमा प्रलोभन देखाई नेपालमा रहेका तथा वैदेशिक रोजगार र अध्ययनको सिलसिलामा युएईलगायतका मुलुकमा रहेका नेपालीलाई थाइल्याण्डको बैंकक र याङ्गनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यानमारको कायिन प्रान्तको म्यावडीमा लगी जबरजस्ती अवैध कार्यमा लगाइएको घट्ना सार्वजनिक भएको थियो ।
उक्त विषयका सन्दर्भमा मन्त्रालयबाट विसं २०७९ पुसमा यात्रासम्बन्धी सूचना जारी गरेपछि प्रलोभनमा परी उक्त क्षेत्रमा जाने नेपाली नागरिकको सङ्ख्यामा कमी आएको थियो । रासस

# एनपिएलले उघारेको सपना

**शोभाकर पराजुली**



देशको खेल इतिहासमै पहिलोपटक भएको नेपाल क्रिकेट लिग (एनपिएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमङ्ग छाएको छ । यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो । यसले देशीय मात्रै नभई अन्तर्राष्ट्रियरुपमा पनि चर्चा बटुल्न सफल भयो । यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुर्‍याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ । जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्यो भन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन् । एनपिएलमा सहभागी आठ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जन बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुर्‍याउन सहयोग पुगेको छ । विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुर्‍याएका छन् । यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेलमात्रै नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ । यो सँगै एनपिएलले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ ।

नेपालमा धेरै प्रकारका खेलहरू छन् । ती सबका आआफ्ना महत्व, मान्यता र इतिहास छन् । तिनले हाम्रो समाजलाई भावना र आत्मीयरुपमा पनि जोडिआएका छन् । कुनै कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन् । ती आफैँमा हाम्रा समाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन् । कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रियरुपमा चिनाइरहेका छन् । त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट पनि ।

क्रिकेटको विश्व इतिहास सदियाँ लामो छ । १६ औं शताब्दीको शुरुआततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिरमात्रै शुरुआत भएको देखिन्छ । त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो । अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्रै यो खेल खेल्न शुरु गरेका थिए । शासकीय दायराबाट विस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ । साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा



मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ । यो खेलको साँघुरो इतिहास अहिले यो निकै विराट भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ । १६ औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ । र, यो खेल अब मात्रै मनोरञ्जनका लागि मात्रै रहेन, बरु क्रिकेट अब कैयौं राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ । नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र शुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ । त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन् । नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको शुरुआत भएको देखिन्छ । २००४ सालमै नेपालमा क्रिकेट सङ्घ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर्राष्ट्रिय क्रिकेट सङ्घबाट मान्यता पायो । यद्यपि, दरबारका पर्खाल नाघेर आम नागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न शुरु भएको इतिहासहरू भेटिन्छन् ।







सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन शुरु गरेका थिए । १९१९तिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुल्लारुपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो । यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए ।

त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिकरुपमा पनि गति लिन थाल्यो । यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको छ । नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्र मात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ । पुरुष क्रिकेट मात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिष्पर्धामा भाग लिनसक्ने भइसकेको छ ।

खासगरी अहिले क्रिकेट खेल एशियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रुपमा स्थापित भइरहेको छ । छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ । यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन् । अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ । यसमा लगानी गर्नेहरूको तँछाडमछाँड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ । अहिले भारतमा ससाना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र विस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन् । भर्खरै सम्पन्न एनपिएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो । एनपिएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यसको शुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरु व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ । नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दैछ भन्ने सन्देश दिएको छ । खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ । तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका सङ्घसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ । टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब मात्रै खेलाडीको आफ्नो मेहनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ । राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ ।

अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासिनता छ । अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्रिकेट मैदानसमेत छैन । अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो । त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए । यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रियस्तरको एसिसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो । तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको शुरुआत भएको मानिन्छ । त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रङ्गशाला हो । यति हुँदासम्म पनि राज्यले रंगशालालगायत खेल क्षेत्रको भौतिक बिकासमा खासै उदार भएको देखिँदैन । ठाउँठाउँमा मैदानहरू बन्न शुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथालिङ्ग अवस्थामा छन् ।

खेल क्षेत्रको यो भौतिक दुरावस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ । एनपिएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन् । यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूलूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपिएलमा सहभागी भए । उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो । त्यस्तै मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरु पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपिएलले छोडेको छ । एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुनखालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ त्यसलाई राज्यले अवसरका रुपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ । अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ । रासस

# दृष्टिविहीनहरूलाई सहयोग गर्ने मुख्यमन्त्री सिंहको प्रतिबद्धता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम क्षेत्रमा दृष्टिविहीनहरूका लागि आश्रयसहितको विद्यालय निर्माण तथा सञ्चालन गर्ने अभियानमा प्रदेश सरकारले सघाउने मुख्यमन्त्री सतिश कुमार सिंहले बताएका छन् । सोमबार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेका दृष्टिविहीनहरूको एक समूहसँगको भेटमा मुख्यमन्त्री सिंहले आश्रयसहितको विद्यालयका लागि जग्गा उपलब्ध नहुँदासम्म वैकल्पिक व्यवस्थापनतर्फ लाग्नुपर्ने बताए । उनले दृष्टिविहीनहरूको कल्याणका लागि स्थानीय सरकार तथा स्वयम्सेवी संस्थासँग समन्वय गर्ने पनि जनाए ।

मुख्यमन्त्री सिंहसँगको भेटमा दृष्टिविहीनहरूले आफूहरूको बास र लेखपढ व्यवस्थापनका लागि अघिल्ला प्रदेश सरकारहरूले सुनुवाइ नगरेको गुनासो गरे ।

# लोक कल्याणकारी विज्ञापनको भुक्तानी माग गर्दै महासंघको ज्ञापनपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघ पर्साले बिगत केही समयदेखि वीरगंज महानगरपालिकाले रोकेको लोक कल्याणकारी बिज्ञापनको भुक्तानीको माग गर्दै वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरबिन्दलाल कर्णलाई ज्ञापनपत्र बुझाएको छ । पत्रकार महासंघ पर्साकी उपाध्यक्ष निलिमा पौडेल नेतृत्वको टोलीले सोमबार महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कर्णलाई ज्ञापनपत्र बुझाएको हो । पत्रकार महासंघले वीरगंजबाट प्रकाशीत हुने साप्ताहिक पत्रिकालाई लोक कल्याणकारी विज्ञापनबाट बन्चित गरेका कारण समस्या परेकोले साप्ताहिक पत्रपत्रिकालाई पनि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन पनि माग गरेको छ । वीरगंज महानगपालिका आमसञ्चार सम्बन्धि कानुन ल्याउने नेपालमै पहिलो पालिका भएपनि यसको कार्यान्वयनमा उदासिनता देखिनु



संदेहको विषय बनेको भन्दै महासंघले अहिले देखिएको आर्थिक शिथिलताको मारमा आमसञ्चार माध्यमहरु पनि परेको अवस्थामा महानगरपालिकाले दिँदै आएको सहुलियत समेत रोक्का भएपछि थप संकट निम्तिएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ । यसका साथै जेष्ठ पत्रकारहरुको लागि वीरगंज महागनगरपालिकाले विनियोजन गरेको बजेट कार्यान्वयनमा पनि ढिलाई भएकाले त्यसलाई पनि छिट्टै कार्यान्वयनमा ल्याउन महानगरपालिकासँग पत्रकार महासंघ पर्साले माग गरेको छ । ज्ञापनपत्र बुझाउन गएको टोलीमा नेपाल पत्रकार महासंघ पर्साकी उपाध्यक्ष पौडेलसँगै सचिव बिजय चौहान, सदस्य राहुल गुप्ता र अजित भुजेलको पनि सहभागिता रहेको थियो ।

# सुरुङमार्ग जीर्णोद्धारपछि हेटौँडा उपमहानगरलाई हस्तान्तरण

**मधेशदृष्टि**
**वीरगंज ।**
हेटौँडा उपमहानगरपालिका १५ स्थित ऐतिहासिक महत्वको सुरुङमार्ग बागमती प्रदेश सरकारले जीर्णोद्धारपछि हेटौँडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको छ । हेटौँडा उपमहानगरपालिकालाई सोमबार हस्तान्तरणसँगै लामो समयपछि सुरुङमार्ग सर्वसाधारणका लागि खुला गरिएको छ । बागमती प्रदेश सरकारको यातायात पूर्वाधार निर्देशनालय, हेटौँडामार्फत जीर्णोद्धार गरिएको चुरियामाई सुरुङमार्ग सोमबार चुरियामाई मन्दिर परिसरमा आयोजित कार्यक्रममा निर्देशनालयले उपमहानगरपालिकालाई हस्तान्तरण गरेको हो । हेटौँडा हुँदै तराईसँग जोड्ने गरी चुरे पर्वतमा निर्माण गरिएको १०७ वर्ष पुरानो सुरुङमार्गको जीर्णोद्धारसँगै अब हेटौँडा उपमहानगरपालिकाले सुरक्षा र संरक्षणको जिम्मा पाएको छ ।

मर्मत, सम्भारको अभावमा पुरिएर अवरुद्ध बनेको सुरुङमार्ग बागमती प्रदेश सरकारले मूल्य अभिवृद्धि करसहित तीन करोड ६५ लाख ८२ हजार ४१५ रुपियाँको लागतमा जीर्णोद्धार गरेको हो । सो अवसरमा निर्देशनालय र उपमहानगरपालिकाबीच पुनर्निर्मित चुरियामाई सुरुङमार्गको हस्तान्तरणसँगै सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरी साँचो हस्तान्तरण गरिएको थियो ।

# आफ्नो क्षेत्रको विकासका लागी सबै जागृत हुनुपर्छः मेयर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरापलिकाका नगर प्रमुख राजेशमान सिंहले आफ्नो क्षेत्रको विकासका लागी सबै जागृत हुनुपर्ने कुरमा जोड दिएका छन् । ग्रिन सिटी सामुदायीक प्रहरी सेवा केन्द्र आर्दशनगरले सोमबार हरिखेतान बहुमुखी क्याम्पसमा आयोजना गरेको जनचेतनामूलक कार्यक्रमा बोल्दै मेयर सिंहले नाला अतिक्रमण गरेर बनाइएको संरचनाहरु महानगरले भत्काउँदै आएको भएपनि विधार्थीहरुको पठनपाठनमा प्रभावित नहोस् भन्ने अभिप्रायले आफूले हरिखेतान क्याम्पसमाथि डोजर नचलाएको बताए । नगर प्रमुख सिंहले वीरगंजलाई हराभरा बनाउने दायित्व महानगरको मात्र नभइ विद्यार्थीहरुको पनि उत्तिकै रहेको बताए । उनले एक कार्यक्रमकाबीच क्याम्पसका



विधार्थीहरुलाई विभिन्न प्रजातिका विरुवाहरु हस्तान्तरण गरेका थिए । वीरगञ्ज महानगरपालिका कार्यालयको संयुक्त आयोजनामा ग्रिन सिटीले नगरलाई हराभरा र स्वच्छ बनाउने उदेश्य सहित महानगरको वडा नम्बर ६ मा अवस्थित हरिखेतान क्याम्पसका विधार्थीहरुलाई प्रशिक्षण दिइएको ग्रिन सिटीका अध्यक्ष जय प्रकाश खेतानले बताए । कार्यक्रममा हरिखेतान क्याम्पसका प्रमुख किशोरी यादव, प्राध्यापकहरु, विधार्थीहरु, ग्रिन सिटीका पदाधिकारीहरु, संचारकर्मीलगायतको सहभागिता रहेको थियो ।

# दिवांगत कर्मचारीको परिवारलाई २५ लाखको चेक हस्तान्तरण

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले दिवांगत भएका एक जना कर्मचारीको परिवारलाई २५ लाख रुपैयाँको चेक हस्तान्तरण गरेको छ । गत असोज २५ गते आधारभुत स्वास्थ्य चौँकी औराहामा कार्यरत प्रबिण कुमार कर्णको दुर्घटनामा परि मृत्यु भएको थियो । दुर्घटनामा परि मृत्यु भएका कर्णको पत्नी सिमा कर्णलाई २५ लाख रुपैयाँको चेक हस्तान्तरण गरिएको नगर प्रमुख राजन पौडेलले जानकारी दिए । सगरमाथा लुम्बिनी ईन्स्योरेन्स कम्पनी लिमिटेड सिमरा शाखाको प्रबन्धक रुकुमाया पाख्रिन



उपमहानगरपालिकामा पुगेर चेक हस्तान्तरण गरेकी हुन् । करिब दुई बर्ष अगाडि जीतपुरसिमरा उपमहानगरपालिकाले आफना ४ सय १६ कर्मचारीहरुको दुर्घटना बिमा गरेको थियो । जसमा लाग्ने सम्पुर्ण बार्षिक प्रीमियम रकम जीतपुरसिमरा उपमहा नगरपालिका आफैँ तिर्दै आएको उपमहानगर पालिकाको जनस्वास्थ्य प्रबद्र्धन शाखा प्रमुख रबि भाष्करले जानकारी दिए ।

# धोविनी–१ मा १५ विघामा ४० हजार वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोविनी गाउँपालिका वडा नं. १ मा वडाध्यक्ष बन्धु साह तेलीको पहलमा १५ विघा



सार्वजनिक जग्गामा ४० हजार विरुवा लगाइएको छ । वृक्षारोपणमा सपेता, बेत, आवला, जामुन लागयतका विरुवा रोपिएको वडाध्यक्ष साहले बताए ।

गत हप्ता पर्साको ग्रामिण क्षेत्र धोविनी गाउँपालिकाको वडा नं १ मा अतिक्रम गरि जोतभोग गरिएका करिब १० विघा सार्वजनिक जग्गालाई पालिकाले नियन्त्रणमा लिएको थियो ।

वडाध्यक्ष बन्धु साह तेलीको पहल र स्थानीयको सक्रियतामा सो जग्गामा वृक्षारोपण गरिएको छ । दसगज्जा क्षेत्रमा पर्ने ऐलानी तथा पर्ति जग्गालाई केही स्थानीय भूमाफिया तथा गाउँघरका 'दबंग' व्यक्तिले कब्जा गरि जोतभोज गर्दै आएका थिए । गँहुबाली लगाइएको खेतमा स्थानीयको सक्रियता र वडाध्यक्षको उपस्थितिमा जोतेर त्यहाँ वृक्षारोपण गरिएको हो ।

'गत वैशाख मै नापी मगाएर छुट्याइएको सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने तयारी थियो । तर, विभिन्न नेता तथा व्यक्तिको दबाबका कारण नियन्त्रणमा लिने काम रोकिएको थियो ।

तर अन्त्यमा त्यसलाई नियन्त्रणमा लिएर वृक्षारोपण गरिएको छ ।', वडाध्यक्ष साहले भने, 'हामी कसैलाई अन्याय गरेका छैनौं ।

यो पर्ति र ऐलानी जग्गा हो, यसलाई हामीले सार्वजनिक उपयोगका लागि नियन्त्रणमा लिएका हौँ ।'

दसगज्जा क्षेत्रमा पर्ने यो जग्गामा पहिले स्थानीयले दाहसंस्कार गर्ने गर्थे तर, ती जग्गा कब्जा गर्नेहरुले पछिल्लो समय दाहसंस्कार समेत गर्न रोक लगाएको स्थानीय चम्पा देवीले बताइन् । 'यहाँको स्थानीयलाई खेतको आली भएर हिड्न दिइदैन्थ्यो । दाहसंस्कार गर्न दिइदैन्थ्यो, त्यही भएर हामी वडाध्यक्षले गर्नुभएको राम्रो काममा सहयोग गर्न आएका हौँ ।' देवीले भनिन्, 'ऐलानी र पर्ति जग्गालाई कसैलाई कब्जा गर्न दिँदैनौं ।'

# जनकपुरको समर्थकमाथि अभद्र व्यवहार गर्ने दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको फाइनलपछि समर्थकमाथि अभद्र व्यवहार गर्ने दुई जना पक्राउ परेका छन् । डोटीको सिलगढी नगरपालिका घर भई अहिले कीर्तिपुर बस्ने गणेश साउद र डोटीकै आदर्श गाउँपालिका घर भई कीर्तिपुर बस्ने अशोक साउदलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ । एनपिएलको फाइनलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई हराएपछि उनीहरुले जनकपुरका समर्थकमाथि अभद्र व्यवहार गरेका थिए । पक्राउ





परेका साउदद्धयले अपमानजनक शब्द प्रयोग गरेको, साम्प्रदायिक सद्भाव विगार्न खोजेको र केही व्यक्तिलाई अभद्र व्यवहार गरेका थिए । घटनामा संलग्न अरू व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन